पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ | अङ्क : २४ | २०७२ माघ १५ गते शुक्रबार (Jan 29 , 2016) | मूल्य रू. १०/-

## अधिवेशन नबिथोल्न कांग्रेसको आग्रह

काठमाडौं । प्रस्तावित २ नम्बर प्रदेशबाट प्रतिनिधित्व गर्ने कांग्रेस सांसदहरूले पार्टीको स्थानीय अधिवेशन नबिथोल्न मधेसी मोर्चासँग आग्रह गरेका छन् । मंगलबार २ नम्बर प्रदेशका कांग्रेस सँसदहरूको बैठकले अधिवेशनमा सहयोग पुऱ्याउन आग्रह गरेको हो ।

मोर्चाले अधिवेशन बिथोल्ने समाचार आएपछि २ नम्बर प्रदेशका मोर्चासँग छलफल गर्न चार नेतालाई जिम्मा दिइएको छ । मधेसी मोर्चासँग छलफल गर्न विमलेन्द्र निधि, आनन्द ढुंगाना, फरमुल्लाह मन्सुर र पद्मनारायण चौधरीलाई जिम्मा दिइएको छ । २ नम्बर प्रदेशमा सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्ला पर्दछन् ।

संविधान संशोधनपछि मधेसका माग सम्बोधन हुने दिशातिर अघि बढेकाले (बाँकी अन्तिम पेजमा)

# डा. भट्टराई डिजाइनमा परेको प्रचण्डको आरोप

काठमाडौं । संविधान जारी भएको ६ दिनपछि एमाओवादी परित्याग गरेका पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले खोल्ने भनिएको नयाँ शक्तिको उद्घोष गरेकै दिन एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालले डा.बाबुराम भट्टराई डिजाइनमा परेको खुलासा गरेका छन् ।

एमाओवादीअध्यक्ष दाहालले आफूलाई





सिध्याउने राष्ट्रिय र अन्तर्राष्ट्रिय चलखेलको डिजाइनमा डा.बाबुराम भट्टराई परेको दाबी समेत गरेका छन् ।

राजधानीमा सम्पन्न एमाओवादीको भातृ संगठन बाइसीएलको तीनदिने राष्ट्रिय भेलाको अन्तिम दिन भेलालाई सम्बोधन गर्दै दाहाले भने भट्टराईको नयाँ शक्ति त्यही डिजाइनको पछिल्लो कदम हो । आफ्नो पार्टी सिध्याउने क्रममा पहिला आफूलाई विद्या भण्डारीको ठाउँमा राष्ट्रपति बन्न भनियो, त्यसैगरी केपी ओलीको ठाउँमा प्रधानमन्त्री बन्न दाहाल लागि परेका छन्, भन्ने हल्ला फैलाइयो, तर म त्यस्तो डिजाइनको चंगुलमा फसिन, षड्यन्त्रमा फस्न चाहिँन, बरू आफू संविधान निर्माण (बाँकी अन्तिम पेजमा)

## मापसेबाट बच्न नक्कली लाइसेन्स

काठमाडौं । मादकपदार्थ सेवन गरी सवारी चलाउनेले कारबाहीबाट जोगिन नक्कली लाइसेन्स प्रयोग गर्न थालेका छन् । प्रहरीले नक्कली लाइसेन्स बनाउने एक समूहलाई पक्राउ गरी अनुसन्धान गर्दा धेरैले मापसे कारबाहीमा पर्दा नक्कली लाइसेन्स दिने गरेको खुलेको हो । महानगरीय प्रहरी वृत्त दरबारमार्गले नक्कली लाइसेन्स बनाउने गिरोहलाई बागबजारबाट पक्राउ गरी अनुसन्धान गरिरहेको छ ।

प्रहरीले लालबहादुर तामाङ, साजन न्यौपाने र तिजेन्द्र खड्कालाई नक्कली लाइसेन्ससहित सोमबार पक्राउ गरेको हो । (बाँकी अन्तिम पेजमा)

## कडा आन्दोलन गर्ने मोर्चाको धम्की

अभियान संवाददाता

काठमाडौं । संविधान निर्माणकै क्रममा आन्दोलनमा गएका केही मधेसवादी दलहरूको आन्दोलन संविधान जारी भएपश्चात पनि रोकिएको थिएन । मधेसवादी दलहरूले उठाउँदै आएका केही मागहरू संविधानको पछिल्लो संशोधनले पुरा गरेपनि मधेसवादी दलहरू आन्दोलन रोक्न तयार देखिएका छैनन् । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले केही दिन पहिला विभिन्न समुदायलाई एकताबद्ध भएर आन्दोलन गर्न आव्हान गरेको छ । सत्ताधारी दलहरू नेकपा एमाले, एमाओवादी र प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संविधान जारी गरेकै शैली र प्रक्रियाबाट संविधान संशोधन प्रस्ताव पारित गरी मधेस र मधेसीविरूद्ध धोका दिएको आरोप मोर्चाले



लगाएको छ ।

संयुक्त मधेसी मोर्चाले संविधान संशोधन आफूहरूलाई मान्य नभएको बताउँदै आफूहरूले उठाएको ११ बुँदे मागलाई



प्याकेजमै एकमुष्ट सम्बोधन हुनुपर्ने अडान लिएको छ । मोर्चाको हालै राजधानीमा बसेको बैठकले यस्तो निर्णय (बाँकी अन्तिम पेजमा)

## संविधान संशोधनले होला त समाधान ?

अभियान संवाददाता

काठमाडौं । संविधानसभाले निर्माण गरेको संविधान लागु भएको १ सय २६ दिन पछि पहिलो संशोधन भएको छ । संविधान संशोधन भएपनि मधेसमा आन्दोलनरत केही मधेसवादी दलहरूले आफूहरूले उठाएका मागहरू संविधान संशोधनले पुरा गर्न नसकेको भन्दै आन्दोलनलाई जारी राख्ने उद्घोष गरेपछि जनताले सास्ती भोगिरहनु पर्ने बाध्यता सिर्जना भएको छ । संविधानको धारा ४२ को उपधारा १ मा रहेको सामाजिक न्यायसम्बन्धी हकलाई समानुपातिक बनाइएको छ । त्यसैगरी धारा २८६ को उपधारा १(५) लाई संशोधन गरी जनसंख्यालाई मुख्य र भूगोललाई दोस्रो अधारमानी संघीय कानुन बमोजिम प्रदेशमा



निर्वाचन क्षेत्र निर्धारण गरिने व्यवस्था (बाँकी अन्तिम पेजमा)

## पर्यटन बोर्ड बजेट पारित गर्ने तयारीमा

काठमाडौं । आर्थिक वर्षको मध्यतिर आइपुग्दा नेपाल पर्यटन बोर्ड ०७२/७३ को बजेट पारित गर्ने तयारीमा जुटेको छ । यसैसाता बजेट पारित गर्ने गरी काम भइरहेको बोर्ड सञ्चालक समितिका सदस्य घनेन्द्रबहादुर श्रेष्ठले जानकारी दिए । 'सम्भवतः आगामी तीन दिनभित्र बोर्ड बैठक बस्ने र सोही बैठकले आगामी आर्थिक वर्षको बजेट पारित गर्नेछ,' उनले भने, 'कार्यक्रम र बजेटको तयारी अन्तिम चरणमा पुगेको छ ।'

कार्यकारी प्रमुख (सिइओ) नियुक्ति हुन नसक्दा आर्थिक वर्ष ०७२/७३ को नियमित बजेट नै पारित हुन सकेको थिएन । 'बजेट पारित नभएको अवस्थामा पनि बोर्डको नियमित कामकाज र कार्यक्रम भने प्रभावित हुन दिइएको थिएन,' उनले भने ।

चालू आवको बजेटको अधिकांश हिस्सा राष्ट्रिय-अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा केन्द्रित हुने गरी तयार पारिएको छ । बजेट पारित नहुँदा अहिले बोर्ड बैठकबाट पारित कार्यक्रम मात्र सञ्चालन भइरहेका छन् । त्यसमध्ये अधिकांश कार्यक्रम अन्तर्राष्ट्रिय पर्यटन (बाँकी अन्तिम पेजमा)

## हामी साच्चिकै मूर्ख नै हौं ?



शाश्वत शर्मा खतिवडा

पहिले त, एउटा कुरामा 'क्लियर' हुनुपऱ्यो- अहिले नेपालीहरूले घोषित/अघोषित नाकाबन्दीका कारण जुन दुःख खेपिरहेका छन्, खासगरी काठमाडौंका जनताले- त्यो कसका कारणले हो ? अफ्र यो भारतद्वारा लगाइएको नाकाबन्दी हो कि होइन ? त्यो नै आधिकारीक रुपमा जानिएको छैन । नेपाल सरकार भन्छ- भारतको अघोषित नाकाबन्दी हो । उता भारत सरकार भन्छ- यो नेपालको तराई-मधेसमा आन्दोलनरत मधेसी मोर्चाका कारण भएको नाका अवरूद्ध मात्र हो । यता नेपालभित्रकै (!) मधेसी मोर्चा पनि भन्छ- नाका हामीले अवरूद्ध पारेका हौं, भारतले होइन ।

त्यसो त देखिएको छ, नाकामा आन्दोलनकारीको शुन्य उपस्थिति हुदापनि (वीरगञ्जा) अवरूद्ध भएको भन्दै सामान पठाइएको छैन, भारतीय पक्षद्वारा । अर्थात यस हिसाबले हेर्दा, भारतकै 'नियत' सफा देखिँदैन । नेपाल सरकारको अघोषित नाकाबन्दी (भारतद्वारा) भन्ने तर्क ठिकै हो जस्तो पनि लाग्छ । तर, उता 'लाइफ लाइन' (काठमाडौंको) वीरगञ्जबाहेक अन्य नाकाहरू 'सुचारू' भइरहेको हेर्दा अघोषित नाकाबन्दी होइन भन्न पनि करै लाग्छ । त्यस्तै आन्दोलनरत मधेसी मोर्चाले एकाध भारतीय मालबाहक ट्रकहरू जलाएपछि भारतीय ट्रकहरू नेपाल छिर्न आनाकानी गरेका कारणले यति विघ्न दुःख पाएका हौं- हामी नेपालीहरूले भन्न कुनै अप्ठ्यारो छैन ।



के हो खास कुरो ? एउटा वीरगञ्ज अवरूद्ध भएका कारणले हामीलाई यतिविघ्न कष्ट छ ? यसै मेसोमा गत शनिबार मधेसी मोर्चाका लागि (?) नेपालको संविधानको पहिलो संशोधन पारित गरियो- नेपालको संसदबाट । एमाओवादी अध्यक्ष प्रचण्डले त शनिबारदेखि नै 'नाकाबन्दी खुल्छ' भनेका थिए । उता प्रधानमन्त्री केपी ओलीले चाहिँ आज भोली मै नाकाबन्दी (बाँकी अन्तिम पेजमा)

पढ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान साप्ताहिक

## सम्पादकीय

## बन्द हड्ताल बन्द गरौं

*विश्वकै उत्कृष्ट संविधान निर्माण गर्‍यौं भनेर ठूलाठूला डंक पिट्ने प्रमुख तीन दल कांग्रेस, एमाले र एमाओवादीले संविधान जारी भएर लागु भएको एक सय २६ दिनमै संविधान संशोधन गरेर आफ्नो अकर्मण्यता र असफलतालाई पुष्टी गरेका छन् । संविधान जारी भएको एकमहिना नपुग्दै संविधान संशोधनको प्रक्रियामा लगिएको थियो । त्यही संविधानलाई ठूला दलको सहयोग र समर्थनमा संशोधन गरिएपनि आन्दोलनकारी मधेसी मोर्चाले भने त्यसलाई स्वीकार गर्न सकिहरेको छैन । संविधान संशोधन भएपछि त्यसले सही रुपमा समस्याको समाधान गर्न सक्ला ? आन्दोलनकारी दलहरुको सहमति विनै तीन दलले संविधान संशोधन गरेका हुनाले जसरी असहमतिबीचमै संविधान जारी गरियो, त्यसैगरी संशोधन समेत गरिएको हुनाले त्यसले समस्याको समाधान नहुने मधेसी मोर्चाको ठहर रहेको छ । मधेसवादी दलहरुले उठाएका केही प्रमुख मागहरु मध्येका दुई माग पुरा गरिएपनि सीमाकंनको विषयमा भने सहमति हुन नसकेपछि मेधसवादी दलहरुले संविधान संशोधनलाई सहज रुपमा लिन सकिरहेका छैनन् ।*

*लामो छलफल र बहसपछि व्यवस्थापिका संसदले असन्तुष्ठ मधेसी र थारु समुदायका माग सम्बोधन गर्न भन्दै संविधान संशोधन गरेको छ । संविधानको पहिलो संशोधनले राज्यका निकायमा समानुपातिक समावेसीका आधारमा सहभागिता र तराई मधेसमा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र बनाउने सुनिश्चितता गरेको हुनाले आन्दोलनरत पक्षले यसलाई सकारात्मक रुपमा लिनु पर्छ । यस संशोधनलाई संविधानको अन्तर्वस्तुप्रति असन्तुष्ट पक्षको मागलाई संबोधन गर्न थालिएको रुपमा बुझ्न सक्नुपर्छ । संविधानको प्रारम्भिक मस्यौदा तयार गर्दादेखि नै मधेसकेन्द्रित केही दलहरुले जनसंख्याको आधारमा निर्वाचन क्षेत्र, समानुपतिक समावेशी प्रतिनिधित्वको ब्यवस्था हुनुपर्ने माग उठाउँदै आएका थिए । अहिले त्यो माग संबोधन भएपछि फेरि अर्को बखेडा निकालेर सीमानाकामा बन्द, हड्ताल गर्नु र आन्दोलन जारी राखी नेपाली जनतालाई भूकम्पको पीडा माथि, नाकाबन्दीको पीडा थप्नुको कुनै औचित्य छैन । अन्तरिम संविधानमा ब्यवस्था भएको समानुपातिक समावेशी प्रतिनिधित्वको ब्यवस्था हटाइएकोमा थारुलगायत जनजाति समुदाय पनि असन्तुष्ट थिए । संविधान जारी गर्दाका बखत प्रमुख दलहरुले उनीहरुको असन्तुष्टीलाई वेवास्ता गर्दै, फास्ट ट्र्याकबाट संविधान जारी गरे, त्यही कारण मधेसमा भइरहेको आन्दोलन अझै टुंगिएको छैन । त्यसैलाई बहाना बनाएर दक्षिणी छिमेकी मुलुक भारतले लगाएको अघोषित नाकाबन्दी अझैपनि पूर्णरुपमा हटेको छैन । असोज ३ गते संविधान जारी भएपनि तत्कालिन सुशील कोइराला नेतृत्वको सरकारले असन्तुष्ट पक्षको माग सम्बोधन गर्न भनेर असोज १८ गते नै ब्यस्थापिका संसदमा संविधान संशोधनको प्रस्ताव दर्ता गराएको थियो । त्यसबेला संविधान निर्माणकर्ता दलहरु बीच नै सहमति बन्न नसक्दा र आन्दोलरत मधेसी दलहरुबीच सहमति हुन नसक्दा संशोधन विधेयक अघि बढ्न सकेको थिएन । लामो छलफल र बहसपछि प्रमुख दलहरुबीच सहमति जुटेपछि संविधानको धारा ४२ को उपधारा १ ले समानुपातिक समावेसी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक सुनिश्चित गरेको र धारा २८६ को उपधारा १(५)ले जनसंख्यालाई पहिलो र भूगोललाई दोस्रो आधार मानी निर्वाचन क्षेत्र निर्धारण गर्ने ब्यवस्था गरेको छ । धारा २८६ को संशोधनले मधेसमा निर्वाचन क्षेत्र बढाउने छ । यो नै नयाँ संविधानको पहिलो संशोधन हो ।*

*प्रदेश सीमांकनको सुनिश्चितता नभएको भन्दै मधेसी मोर्चा संविधान संशोधन प्रक्रियामा सामेल भएन । तर उनीहरुले उठाएका दुई वटा माग संशोधनले समेटेको छ । उनीहरुले उठाउँदै आएका मागलाई सम्बोधन गरिएपछि अन्य मागका बारेमा आपसी सहमति गरी पछि संशोधनबाट मागहरु सम्बोधन गर्न सकिने बाटाहरु खुला भएका हुनाले अब मधेसी मोर्चाले समेत मुलुक र जनताको हितमा हठ त्याग्नु आवश्यक छ । मधेसी मोर्चाले आफ्नो बलमै संविधान संशोधन भएको स्वीकार गर्दै संविधान संशोधनलाई उपलब्धिका रुपमा लिएर सीमाकंनका विषयमा विज्ञहरुलाई साथमा लिएर उनीहरुकै संयन्त्र बनाएर मिलनबिन्दू खोज्न, तीन दल र मधेसी मोर्चा तयार रहनु पर्छ । सीमाकंनको विषयमा समेत तीन दल तयार देखिएका हुनाले मधेसी मोर्चाले हाताहाती सीमाकंनको टुंगो लगाउनु पर्ने मागलाई अहिले नै सम्बोधन गरिनुपर्छ भन्नु किमार्थ उचित हुन सक्दैन ।*

*मधेसका संविधानसँग जोडिएका केही विषयहरुमा संविधान जारी हुँदै सम्बोधन भइसकेको छ । जस्तै नागरिकताको विषय । अहिले संशोधनको विषयले समावेसी, समानुपातिक प्रतिनिधित्व र निर्वाचन क्षेत्र निर्धारणलाई समेत सम्बोधन भएको छ । बाँकी रहेको संघीयताको सीमाकंनमा समेत पुनरावलोकन गर्न ठूला दल सहमत भइसकेका हुनाले अब आन्दोलनको कुनै अर्थ रहँदैन । त्यसैले अब मधेसी मोर्चाले आन्दोलनको स्वरुप परिवर्तन गरी मुलुकलाई निकान दिनु आवश्यक छ । अस्थिर राजनीतिबाट मुलुकलाई निकास दिने काम मोर्चाको समेत भएकाले त्यसै अनुरुप अघि बढ्न हामी मोर्चालाई आग्रह गदर्छौं ।*

# राजनीतिक भविष्य सुरक्षित गर्न आन्दोलन बन्द गर

देवेन्द्र चुडाल

संविधान जारी भएको १ सय २६ दिनपछि पहिलो पटक संशोधन भएको छ । संविधान निर्माणका क्रममा विश्वकै उत्कृष्ठ संविधान निर्माण गर्‍यौँ भनेर डंक पिट्नेहरूले नै यति थोरै समयमा संविधान संशोधन गरेपछि संविधानसभाले बनाएको संविधान पनि त्रुटीपूर्ण रहेको प्रमाणित भएको छ । हुन त यिनै दल मध्येका नेपाली कांग्रेस र नेकपा एमालेका वरिष्ठ नेताहरूले मिलेर निर्माण गरेको २०४७ सालको संविधानलाई विश्वकै उत्कृष्ठ संविधान भनेर प्रचर गरेका थिए । २०४७ सालको संविधान निर्माणकर्ता मध्येका माधव नेपालले समेत विश्वकै उत्कृष्ठ संविधान भनेको संविधानलाई तत्कालिन जनमोर्चा नेपालले अस्वीकार गर्दै २०५२ सालमा आन्दोलन गर्न भनेर जंगल पसेको थियो । तत्कालिन माओवादीले चलाएको १० वर्षे आन्दोलनले गर्दा २०४७ सालको संविधान खारेज भयो । अन्तरिम संविधान निर्माण भयो । त्यही अन्तरिम संविधानको भरमा मुलुकमा संविधानभसाको चुनाव दुई दुई पटक सम्पन्न भएपछि बल्ल मुलुकले संविधानसभाबाट संविधान पाएपनि त्यो संविधानले समेत मुलुकको समस्या समाधान गर्न सक्ने अवस्था देखिएको छैन । १० वर्षे जनयुद्ध गर्ने तत्कालिन माओवादी (एमाओवादी)को सहयोगमा संविधान निर्माण गरिए पनि त्यही संविधानलाई देखाएर भारतले अघोषित नाकाबन्दी लगाएपछि ठूला भनिएका दलहरू कांग्रेस, एमाले र एमाओवादी छोटो समयमै संविधान संशोधन गर्न तयार भएर संविधान संशोधन गरेका छन् ।

ठूला भनिएका राजनीतिक दलहरूको अकर्मण्यता र असक्षमताले गर्दा नेपालको अन्तरिम संविधान नै १२ पटक संशोधन भएको इतिहास हाम्रै सामु रहेको छ । अन्तरिम संविधान आफैमा छाटो समयका लागि भएपनि १२-१२ पटकसम्म संविधान संशोधन गरियो । संविधान भनेको मुलुकको मुल कानुन भएको हुनाले पटक-पटक संविधान संशोधन गर्दै राजनीतिक र दलगत स्वार्थका लागि संविधान संशोधन गर्नु राजनीतिक दलहरूको अकर्मण्यता नै हो । संविधानसभाबाट निर्माण गरिएको संविधान जारी भएको १७ दिनपछि नै संशोधनको प्रस्ताव व्यवस्थापिका संसदमा पेश गरिनु किमार्थ उचित मान्न सकिँदैन । ठूला राजनीतिक दलहरूले अन्य सबै साना राजनीतिक दलहरूलाई साथमा लिन नसक्नु ठूला दलहरूको राजनीतिक असफलता नै हो । संविधान निर्माणकै क्रममा ठूला दलहरूले आफ्ना कुरा नसुनेको भन्दै केही मधेसवादी दलहरू आन्दोलामा गएका थिए । ठूला भनिएका दलहरूले आन्दोलनमा गएका दलहरूलाई विश्वासमा लिने कार्यसम्म गरेनन् । जबर्जस्ती संविधान निर्माणको नौटंकी गरियो र संविधान जारी गर्दा समेत नौटंकी नै गरियो । आखिरी त्यसले कस्तो परिणाम दियो ? ठूला दलका नेताहरूले गरेको घमण्ड र पार्टीगत स्वार्थले गर्दा अहिले मधेस जलिरहेको छ । संविधानकै कारण मधेसमा ज्यान गुमाउनेको संख्या दिनानुदिन बढिरहेको छ । संविधानलाई नै देखाएर भारतले अघोषित नाकाबन्दी लगाएको छ । संविधान जारी भएपश्चात संविधान संशोधन भएपनि भारतले नाकाबन्दी हटाएको छैन । विश्वकै उत्कृष्ट संविधान जारी गर्‍यौं भनेर ठूला ठूला डंक पिट्ने नेताहरूको बोलीमा संविधान संशोधन पछि लगाम लागेको छ । विश्वकै उत्कृष्ठ संविधान निर्माण गरेको भए १ सय २६ दिनमै संविधान संशोधनको अवाश्यकता किन ? के हाम्रा नेताहरूले त्यसको जवाफ दिन सक्छन् ?

भारतले एकतर्फी रूपमा लगाएको अघोषित नाकाबन्दीको मारमा नेपाली जनता परेका छन् । मुलुकभरमै इन्धनलगायत अन्य अत्यावश्यक वस्तुहरूको अभाव भएपनि सरकारले त्यसलाई व्यवस्थापित रूपमा आपूर्ति गर्न सकेको छैन । वैशाख १२ गते गएको भूकम्पले गर्दा थाङथिलो भएको अर्थतन्त्र भारतीय नाकाबन्दीले गर्दा नराम्रोसँग डामाडोल भएको छ । विकास निर्माणका कार्यकहरू ठप्प भएका छन् । जनताको चुलो बल्न समेत धौ-धौ परेको छ । एउटा असल छिमेकीले अर्को छिमेकीलाई परेको संकट समाधान गर्न सहयोग र समर्थन गर्नुको बदला केही स्वार्थी नेताहरूले गरेको बेइमानीको सजाय जनतामा थोपरिनु न्यायसंगत होइन । नेपाली जनता कहिल्यै पनि भारतीय जनताको विरोधमा छैनन् । नेपाल र भारतबीच लामो सयमदेखि सम्बन्ध रहँदै आएको छ । सामाजिक, आर्थिक र वैवाहिक सम्बन्धले गर्दा जनस्तरमै नेपाल र भारतबीच घनिष्ट सम्बन्ध रहेको छ । यति हुँदा हुँदै पनि दलगत स्वार्थ र व्यक्तिगत स्वार्थले गर्दा कहिलेकाहीँ नेपाल भारतबीचको सम्बन्धमा तनाव उत्पन्न भएको सत्य वास्तविकता भएपनि जनताको पक्षबाट त्यसमा केही दोष देखिँदैन । राजनीतिक क्षेत्रमा देखिएको तनावले गर्दा एक देशले अर्को देशका जनतालाई दु:ख, कष्ट दिनुभन्दा राजनीतिक रूपमै विवाद समाधान खोजिनु उपयुक्त हुनेछ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी केही समय पहिला नेपाल आउँदा नेपाली जनताले मोदीलाई भव्य स्वागत गरेका थिए । सडकमा उभिएर घन्टौंसम्म स्वागतका लागि बसेका तिनै नेपाली जनतामाथि अघोषित नाकाबन्दी गरेर नेपाली जनतालाई पीडा दिनुले भारतीय प्रधानमन्त्री मोदीको उचाई बढ्दैन । भारतीय सरकारप्रति नेपाली जनता कहिल्यै पनि सकारात्मक हुन सक्दैनन्, त्यसको अर्थ नेपाली जनता भारतविरोधी हुन भन्ने बुझिएको खण्डमा त्यो गलत हुन्छ । सरकारले गर्ने नेपालीमाथिको व्यवहारको मात्र नेपाली जनताले विरोध गर्ने गरेका हुन् भन्ने भारतीय सरकारले बुझेमा मात्र तत्कालै सबै समस्या समाधान हुन सक्छ ।

केही मधेसवादी दलहरूले मधेसमा गरिरहेको आन्दोलन र सीमानाकामा दिएको धर्नाले गर्दा मुलुकमा पीडा माथि पीडा थपिएको छ । आन्दोलन र नाकाबन्दीको मारमा हुनेखाने भन्दा गरिखाने जनता नै परेका छन् । उपत्यका मात्र होइन, मधेसमा बसोबास गर्ने जनता समेत पीडित भएका छन् । हुनेखानेहरूलाई नाकाबन्दीले खासै खसर नपरेपनि दैनिक कमाई गरेर खाने ठूलो संख्याका जनतालाई संकट परेको हुनाले मधेसवादी दलहरूले अब आन्दोलनको स्वरूप परिवर्तन गरी जनतालाई गरिखाने बाटो खुला गरिदिनै पर्छ । मधेसवादी दलहरूले उठाउँदै आएका केही मागहरू पुरा भएका छन् । जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरिनु पर्ने र समानुपातिक समावेसी सिद्धान्तका आधारमा राज्यका सबै निकायमा प्रतिनिधित्व हुन सक्ने संवैधानिक व्यवस्था भएको हुनाले मधेसवादी दलहरूले त्यसलाई ठूलो उपलब्धीका रूपमा लिएर अन्य मागहरूका बारेमा वार्ता र सहमतिको मार्ग अपनाउनु उचित विकल्प हुनसक्छ । सत्ताधारी दलहरू मध्येको नेकपा एमाले र एमाओवादीका केही नेताहरूको बोलीमा लगाम आवश्यक छ । सत्ताधारी दलका नेताहरूले प्रमुख प्रतिपक्षी र अन्य दलका नेताहरूलाई गाली गर्दैमा समस्याको समाधान हुन सक्दैन । सत्ताधारी दलहरू संयम हुनुपर्छ । त्यसमा पनि प्रधानमन्त्री त धेरै नबोल्ने र अर्काको कुरा सुन्न सक्ने हुनुपर्छ । तर हाम्रां प्रधानमन्त्रीमा त्यस्तो गुण देखिएको छैन । उखान तुक्का भनेर राज्य सञ्चालन हुन सक्दैन । हावादारी कुरा गरेर जनतालाई हसाउने कार्यले प्रधानमन्त्री पदकै अवमूल्यन हुने भएकाले प्रधानमन्त्री केपी ओलीले तत्कालै संयम अपनाउनु आवश्यक छ ।

केपी ओली नेतृत्वमा बनेको सरकार संयुक्त सरकारको भावना अनुरूप सञ्चालन हुन नसकेको अनुभूति हुन थालेको छ । एउटै पार्टीको सरकार नभएको हुनाले सत्तामा रहेका सबै पार्टीको सहमतिमा सरकार सञ्चालन हुनुपर्छ । अहिले त्यस्तो देखिएको छैन । प्रधानमन्त्री रहेको पार्टीका केही मन्त्रीहरूले पार्टीगत स्वार्थ पुरा गर्न र अन्य पार्टीका सिफारिसलाई हाम्रो मन्त्रालयमा हाम्रो खुशी हो भन्दै एकलौटी ढंगले सञ्चलन गर्ने प्रवृत्ति देखिएकाले सत्ता सञ्चालनमै अवरोध सिर्जना हुन सक्ने अवस्था देखिएकाले तत्कालै प्रधानमन्त्री ओलीले आफ्नो पार्टीका मन्त्रीहरूको एकलौटी व्यवहारलाई लगाम लगाउन आवश्यक भएको सत्ताधारी दलका नेताहरूले बताउन थालेका छन् । सत्ता सञ्चालनमा संयुक्त सरकारको सिद्धान्त अनुसार सञ्चालन नभएको खण्डमा निकट भविष्यमै ओली सरकार माथि संकट आउने संकेतहरू सत्ताधारी दलहरूले देखाउन थालेका हुनाले त्यसतर्फ प्रधानमन्त्री सजग रहनु उचित हुनेछ ।

पछिल्ला दिनमा नेपाल भारत सम्बन्धमा मधेस आन्दोलन वा नाकाबन्दीले पारेको अप्ठ्यारोभन्दा पनि प्रधानमन्त्री केपी ओलीको ठाडो गैरकुटनीतिक र हास्यरससहितको बोलीचालीले अनर्थकारी काम गरिरहेको भारतीयहरूले मूल्यांकन गरिरहेका छन् । अहिले मधेस अन्दोलन र नाकाबन्दीको गोलचक्करमा रहेको मोर्चा र भारत फेस सेभिङको उपाय अपनाउन लागिपरेको जस्तो देखिए पनि मधेसमा आन्दोलन गरिरहेका मधेसवादी दलहरूबीच खटपट सुरू भएको हुनाले आन्दोलन र नाकाबन्दी कहिले खुल्छ भन्ने एकिन हुन सकिरहेको छैन । नेपालको प्रमुख नाका रक्सौल बन्द भएको यति लामो समय बितिसक्दा पनि नाका खुल्न नसकेको भएपनि अहिले पहिलाको भन्दा केही सहज भएकोले नाका खुल्ने विश्वास गर्न थालिएको छ । भारत र मधेसवादी दलहरू केही प्रमुख एजेन्डामा असहमति र असमझदारी भएपनि संविधानमा हालै पहिलो संशोधन भएपछि अन्य विषयहरूका बरेमा समेत सहमति गर्न सकिने र संविधान संशाधन नै गर्नु परेपनि राजनीतिक दलहरू तयार हुने अवस्था देखिएको हुनाले मधेसी मोर्चासहितका अन्य दलका मधेसी नेताहरू पनि संविधान संशोधनले अघोषित रूपमै खुसी भएका छन् । जसरी भारतले लगाएको अघोषित नाकाबन्दीलाई भारतले नाकाबन्दी भन्न सकिरहेको छैन, त्यसैगरी मधेसी मोर्चाका नेताहरूले पनि संविधान संशोधनलाई खुलेर स्वागत गर्न सकिरहेका छैनन् । तर भित्रिभित्रै उनीहरू खुसी भएका छन् । जे होस् अब मुलुक र जनताको भावनालाई बुझेर मधेसवादी दलहरूले नाकाबन्दी र आन्दोलनलाई छाडेर वार्ता र सहमतिको मार्ग अपनाउँदै मुलुकलाई निकास दिए, उनीहरूकै उचाई बढ्नेछ । त्यसैमा उनीहरूको राजनीतिक भविष्य सुरक्षित रहनेछ ।

devendrachudal@gmail.com

# विकास प्रारूपको अभाव

*डम्बर खतिवडा*

आफ्नो देश विकसित, सुशासित, समृद्ध र विश्व रंगमञ्चमा सम्मानित होस् भन्ने चाहना कुन नागरिकलाई नहोला ? शासक होस् वा सर्वसाधारण, प्रशासक होस् वा व्यापारी, धनी होस् वा गरिब, शिक्षित होस् वा अशिक्षित, निःसन्देह यस्तो चाहना सबै नेपालीमा छ । कसैले मसँग छ, अरूसँग छैन, मेरो पार्टीसँग छ, अर्को पार्टीसँग छैन, मेरो दर्शन र विचारमा छ, अरूको दर्शन र विचारमा छैन भन्नु बेतुकको कुरा, राजनीतिक आरोपका विषय हुनेछन् । यस्ता आरोपले मात्र हाम्रा निर्दोष चाहना खण्डित हुँदैनन् । सबै नेपाली देशको उन्नति र भलो पक्कै चाहन्छन् । त्यति विश्वास गर्न सकिन्छ ।

तर पनि देश विकसित, सुशासित, समृद्ध र सम्मानजक स्थितिमा भने छैन । किन त ? यसका अनेक कारण र विश्लेषण हुन सक्छन् । मेरो विचारमा हामीसँग संगतिपूर्ण विकास मोडेल नहुनु नै मुख्य समस्या हो । चाहना त हामी राख्छौँ । तर, देश निर्माणजस्तो जटिल प्रक्रिया चाहनाले मात्र सम्भव हुने कुरा होइन रहेछ । चाहना त्यो एउटा पवित्र अपेक्षा हो । चाहनालाई जब हामी निश्चित ढाँचा, ढप र आकार दिन्छौँ, स्रोत, शक्ति र संगठनसँग जोड्छौँ अनि मात्र त्यसले मूर्त रूप लिन सक्छ । कुनै पनि मुलुकलाई कसरी आधुनिक, विकसित, सुशासित र समृद्ध बनाउन सकिन्छ ? त्यसका राष्ट्रिय अन्तर्राष्ट्रिय आयाम केके हुन् ? अरु देशका अनुभव केके छन् ? तीमध्ये हामीलाई काम लाग्ने खालका कुनकुन छन् ? हाम्रै देशको सन्दर्भमा मौलिक विकास प्रारूप निर्माण हुनसक्छ कि सक्दैन ? सक्छ भने त्यो कस्तो हुन्छ होला ? आधारभूत विकास मोडेलका विषय हामी आमसहमति गर्न सक्छौं, ताकि त्यो सरकार परिवर्तनको सिकार नहोस् ? यदि सक्दैनौं भने हाम्रा फर-फरक प्रस्ताव केके हुन् ? ती प्रस्तावहरूबीच किन प्रतिस्पर्धा नगराउने ? लाग्छ, हामीले यसरी सोचेकै छैनौं ।

कतिपयलाई लाग्न सक्छ, किन छैन ? छ नि विकास मोडेल ? हरेक पार्टीले चुनावअगाडि घोषणापत्र जारी गरेकै छन् । राज्यले पञ्चवर्षीय योजना नियमित बनाएकै छ । सरकारले वार्षिक बजेट, नीति तथा कार्यक्रम ल्याएकै छन्, त्यही त हो नि विकास प्रारूप ? यस्ता तर्क सजिलै उल्लंघनीय छैनन् । हो पनि, सबै कुरा भएकै छ । लोकतन्त्रमा हुनुपर्ने प्रक्रिया पनि यही हो । यदि त्यसो हो भने किन हामी एसियाकै तन्नम मुलुक मानिन्छौं फेरि ? किन हामीलाई अफगानिस्तानभन्दा पनि पछाडि देखाउँछ तथ्यांकले ? आजसम्म यस्ता प्रश्नको उत्तर कसैले दिएको छैन । यस्ता प्रश्नको उत्तर कसले दिनुपर्ने हो, त्यो पनि थाहा छैन । लोकतान्त्रिक मुलुकमा हरेक प्रश्नको उत्तर दिनुपर्ने निकाय हुन्छ । जब उत्तर दिने संस्था वा निकायकै अभाव हुन्छ, के बुझ्नुपर्छ भने हामी कहाँ जवाफदेहिता र उत्तरदायित्व छैन ।

जवाफदेहिताविनाको लोकतन्त्र त्यसै पनि कमजोर हुन्छ । तर, देश निर्माणको कुरामा हामी कुनै एउटा व्यक्तिको, निकायको मात्र उत्तर अपेक्षा गरेर बस्न सक्दैनौं । तसर्थ विकास प्रारूपका विषयमा एउटा बृहत्तर राष्ट्रिय बहस आवश्यक छ । कुनै पनि शास्त्रीय चिन्तनबाट मात्र हाम्रा समस्या हल हुनेवाला छैनन् । कतिपय मान्छे समय अभावको कुरा गर्छन् । त्यो सही तर्क हो जस्तो लाग्दैन । सन् १९९० यता पनि २५ वर्ष बितिसक्यो । पञ्चायतले रजत जयन्ती मनाउँदा त्यो एउटा लामो कालखण्डजस्तो लाग्थ्यो । तर, बहुदलले पनि रजत जयन्ती मनाउने जति समय त बिताइसकेछ । आधुनिक युगको दुई वा तीन दशक समय कम हुँदैन । यति नै समयमा कैयौं देश तेस्रो विश्वबाट पहिलो विश्वमा पुगेका छन् । तसर्थ समयाभावको कुरा पनि त्यति सही हो जस्तो लाग्दैन ।

शासकहरूले काम गर्ने अवसर नै पाएनन् भन्ने तर्कको अर्को कोण पनि छ । संसदीय राजनीतिक अस्थिरता नै विकासको समस्या हो भन्ने लाग्या हो भने फेरि तिनै दलहरु शासकीय स्वरूप परिवर्तन गर्न इच्छुक देखिएनन् । अरूमा यो प्रश्न गर्ने अधिकार भए पनि कम्तीमा ती दलहरु जसले फेरि पनि संसद्वादलाई नै अवलम्बन गरे, उनीहरूले यो तर्क गर्ने नैतिक अधिकार राख्दैनन् । यदि संसदीय प्रणालीमा विश्वास गरिएको हो भने प्रधानमन्त्रीका रूपमा व्यक्तिको परिवर्तन खासै मह□वको कुरा होइन । आखिर प्रधानमन्त्री पनि अन्त्य कहाँबाट आएको छ र ? त्यही राजावादी, कांग्रेस र कम्युनिस्ट खेमाबाट न आएको छ । माधव नेपालका ठाउँमा झलनाथ खनाल र केपी ओली पुग्नु, गिरिजाप्रसादका ठाउँमा शेरबहादुर देउवा र सुशील कोइराला पुग्नु त्यति ठूलो राजनीतिक अस्थिरता पनि होइन, जति ठानिन्छ । व्यक्ति परिवर्तन भए पनि ती व्यक्तिका मातृसंस्था एउटै हुन् । ती संस्थाका सोच र संस्कार एउटै हुन् ।

कतिपयको विश्वासमा विगत दुई दशकभन्दा बढी समयमा पनि देश विकसित र सुशासित हुन नसक्नुको मुख्य कारण माओवादी विद्रोह र मधेस आन्दोलनलगायत आन्दोलनहरु हुन् । म यो भन्दिनँ कि यी आन्दोलनहरूको कारण देशको अर्थतन्त्रमा कुनै प्रभाव परेन । तर, अझ आधारभूत प्रश्न के हो भने जनताले किन विद्रोही शक्ति र विचारलाई साथ दिए त ? यदि नागरिक शासकका क्रियाकलाप र विकास प्रयासबाट सन्तुष्ट थिए भने उनीहरूले विद्रोह र आन्दोलनलाई साथै दिने थिएनन् । तिनीहरूले अर्थतन्त्रलाई हानि पुऱ्याउने गरी फैलाव नै पाउने थिएनन् । बेलायत र जापानमा पनि उग्रवादी चिन्तन राख्ने राजनीतिक दल छन् । तर, ती त्यहाँ किन बढ्न सक्दैनन् ? किनकि नागरिकलाई मूलधार दल र नेतृत्वप्रति नै विश्वास छ । राजनीतिक संस्था, संरचना र विकास प्रारूपबारे नागरिक राज्यसँग आधारभूत रूपमा सहमत छन् । तर, हामीकहाँ त्यस्तो भएको देखिन्न । यहाँ विद्रोही तथा आन्दोलनकारी राजनीतिप्रति जनतामा आकर्षण देखिनुको मुख्य कारण पनि मूलधार नेतृत्वप्रति वितृष्ण हुनु नै हो । भर्खरकै समस्यालाई लिने हो भने पनि मधेस भयानक ठूलो मानसिक विघटनको प्रक्रियाबाट अगाडि बढिरहेको छ । तर, राज्यले समयमै कुनै समाधान दिन सकेन । भविष्यमा यसको हामीले ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ ।

यति लामो लोकतान्त्रिक आन्दोलनको अनुभवपछि पनि हाम्रो राज्य पूरै तदर्थवादी छ । विकास प्रारुपमा आधारभूत कम्पोनेन्टबीच तारतम्य छैन । कुनै पनि देशको विकास प्रारूपका लागि पाँच वटा 'प' को तारतम्य मिल्नुपर्छ । ती हुन्, प्रकृति (स्रोत-साधान), प्रवृत्ति (राजनीतिक संस्कृति), पूर्वाधार (भौतिक विकास), प्रविधि (औजारको आधुनिकीकरण) र प्रशासन (सुशासन) । व्यक्ति, बजार, नियमक निकाय, कर र दानको अन्तर्सम्बन्ध नमिलुन्जेल हामी कुनै भरपर्दो विकास प्रारूप निर्माण गर्न सक्नेछैनौं । यी कुराको अभावमा तदर्थवादमा रूमल्लिनु नै हाम्रो नियति बन्न पुग्छ । अधिकांश पार्टी र नेता जब सरकारमा पुग्छन्, उनीहरूलाई के काम गर्नुपर्छ, कसरी गर्नुपर्छ, कहाँनेरबाट काम थाल्नुपर्छ भन्ने नै थाहा हुँदैन । हामीले एउटा नयाँ प्रचलन विकास गर्न सक्छौं, सरकारमा नभएका पनि हरेक पार्टीले स्याडो क्याबिनेट बनाएर सरकारमा जानुअघि नै सरकारमा जानुपरे के गर्ने भनेर तयारी गर्ने । सरकारमा जानेबित्तिकै काम गर्न थाल्ने । अधिकांश मन्त्रीहरु जब मन्त्रालयमा पुग्छन्, हतारहतार बुझ्न र सुझाव माग्न थाल्छन् । के गर्नुपर्ने रहेछ भनेर बुझ्दा-बुझ्दै उनीहरूको मन्त्रीबाट खुस्किने वेला भइसकेको हुन्छ । फेरि अर्को जान्छ, फेरि त्यही बुझ्न थाल्छ । हुँदाहुँदा अब मन्त्री हुनु पनि पालो पुऱ्याउने मेलो हुन थाल्यो । कुनै ज्ञान र विशेषज्ञता नै नभए हुने भयो ।

संसद् भएर मात्र मन्त्री हुने प्रचलन संसद्वादको अर्को विकृत र भद्दा प्रचलन हो । नेपालमा चुनाव जित्न चाहिने कला र विषय विज्ञताबीच गहिरो ग्याप देखिन्छ । फेरि यो शक्ति पृथकीकरणका दृष्टिकोणबाट पनि सही कुरा होइन । सांसदको काम विधायकी हो, सरकारको काम कार्यकारी हो, प्रत्यक्ष निर्वाचित शासक र विषयविज्ञ मन्त्रीहरु हुन सकेको भए देशको विकास छिटो हुने थियो । तर, त्यो बाटोमा हामी लागेनौं । यसको अर्थ हो हामीले विकासमैत्री राजनीतिक प्रणाली अपनाएनौं । यो समस्याले पनि के देखाउँछ भने विकास प्रारूपका तत्वहरूको सामञ्जस्यता मिलाउन हामी फेरि पनि चुकिसक्यौं । यही तालले हो भने हाम्रो विकास प्रयास अरु दुई दशकसम्म यसरी नै अप्रभावकारी रूपमा मात्र घिस्रिनेछ ।

विकास पूर्वाधारबारे हाम्रा धारणा अत्यन्त संकीर्ण प्रकारका छन् । शक्तिशाली नेताले आफ्नो निर्वाचन क्षेत्रमा दुई-चारवटा पुल, कल्भर्ट बनाउनुलाई नै हामी विकास भन्छौं । त्यस्तो काम त स्थानीय निकायले गर्ने हो । गाउँपालिका र नगरपालिकालाई त्यस्ता सबै काम जिम्मा दिंदा भइगयो । नागरिकलाई पनि हामीले त्यो नागरिक चेतना दिनुपर्छ कि संसद्को काम त्यो होइन । अब त प्रादेशिक सरकार पनि हुन्छ । सानातिना विकासका काम प्रदेश सरकारले पनि गरिहाल्छ । केन्द्र सरकारले त रणनीतिक मह□वका ठूला योजनामा हात हाल्नुपर्ने हुन्छ । हामीले त्यतातिर ध्यान दिन सकेका छैनौं । वस्तुतः यो पनि विकास प्रारूपकै अभावको समस्या हो ।

हामीले प्रशासनयन्त्रको सुधार गर्ने, सुशासित र स्मार्ट गभर्नमेन्ट निर्माण गर्ने इच्छा किन कहिल्यै राखेनौं ? यसप्रतिको हाम्रो अरूचि सर्वथा देशलाई तन्नम राख्ने अनेकन कारणमध्ये एक हो । प्रशासन र प्रशासनिक प्रक्रिया भनेको नागरिकलाई अझ धेरै काम गर्न जाँगर लगाउने, उत्पादकत्व वृद्धि गर्न उत्साहित गर्नुपर्ने निकाय हो । हामीले यसको ठीकविपरीत प्रशासनलाई झन्झट खडा गरेर नागरिकलाई निरूत्साहित गर्ने संस्थाका रूपमा स्थापित गऱ्यौं । यस्तो प्रवृत्ति विकास गरेबापत राज्ययन्त्रमा अहिलेसम्म कुनै पश्चात्ताप देखिएको छैन । सबै मानिस खराब हुन्, कर्मचारीतन्त्र सबै बदमास हो भन्न सकिन्न । तर, हामीले निर्माण गरेका सिस्टमले नै उनीहरूलाई त्यस्तै बन्न बाध्य बनाएको छ । सिस्टम रिभ्यु गर्ने जाँगर कुनै नीति-निर्मातामा देखिँदैन ।

अबका केही वर्ष हामीले विकास प्रारूपको बहस जोडतोडले चलाउन आवश्यक छ । अबको राजनीतिको मुद्दा नै अझ बढी लोकतन्त्र, विकास, सुशासन र समृद्धि हुनुपर्छ । यी विषयमा अधिकतम नागरिकले आफ्ना धारणा र चाहना सार्वजनिक गरून् भन्ने हाम्रो प्रयास हुनुपर्छ, सम्भवतः अनि मात्र हामी देश विकासको एउटा साझा चित्र कोर्न सफल हुनेछौं ।




# WHY SOLIDARITY WITH THE OPPRESSED KASHMIRIS!

*Raza Malik*

The people of Indian occupied Kashmir intensified their struggle for securing their right to self-determination in 1989 and the mass movement gave sleepless nights to the Indian rulers. In a bid to crush this popular movement, India appointed Jagmohan Malhotra as the Governor of the occupied territory on January 19, 1990, dismissing the government of Farooq Abdullah. Jagmohan was already notorious for his anti-Muslim bias and activities in India. Soon after the appointment of new governor, a reign of terror was unleashed in occupied Kashmir and on the night of January 20, Indian troops molested several women in Srinagar during house raids. As the word about the molestation of the women spread in the morning, thousands of people took to the streets in the city to protest against the brutal action of the troops. The occupation forces resorted to indiscriminate firing on the protesters in Gaw Kadal area of the city, killing over 50 people and injuring hundreds of others. The massacre caused resentment in Pakistan and the following 5th February was declared as a solidarity day all across the country. Since then, every year, the day is being observed to express oneness with the oppressed people of Jammu and Kashmir at the state level.

Pakistan observes a public holiday on the day. Seminars, conferences and demonstrations are held by the government and people of Pakistan to highlight the important aspects of the Kashmir dispute and the gross human rights violations being perpetrated by Indian troops in occupied Kashmir. The Pakistani and Kashmiri expatriates arrange special events in world capitals to remind the international community that settlement of the Kashmir dispute is imperative for sustainable peace and stability in South Asia. The observance of the Kashmir Solidarity Day conveys a clear message to India that it would have to recognize Kashmiris' right to choose their fate by themselves as granted by the UN resolutions. It also sends a message to the World Body to fulfill its commitments of holding a plebiscite in Jammu and Kashmir for a peaceful resolution of the long-standing Kashmir dispute, which started with the landing of Indian troops in Jammu and Kashmir in 1947.

Above all, the solidarity day is to reassure the people of Kashmir that they are not alone in their struggle against the Indian illegal occupation of their motherland but every Pakistani stood by them.

**Pakistan's affinity with Kashmiris:**

Pakistan's affinity with the people of Kashmir can be understood in the backdrop of several reasons. Both share strong bonds in respect of religion, geography, culture and aspirations. The worst kind of Indian state terrorism in occupied Kashmir since 1947 has forced hundreds of thousands of Kashmiri people to migrate to Pakistan from the occupied territory and the main driving force behind their freedom movement has been their strong emotional attachment to the country.

The ideological commonality between Pakistan and Jammu and Kashmir is evident from the fact that the genuine representatives of Kashmiris had attached the future of the territory with Pakistan by passing a resolution in the meeting of their representative party, Muslim Conference Jammu and Kashmir, in Srinagar on 19th July 1947, whereby it was declared that Jammu and Kashmir would be a part of Pakistan. This development had happened about a month before the creation of Pakistan. The people of occupied Kashmir have time and again showed their attachment with Pakistan by raising the slogans of "Long Live Pakistan" and "We want Pakistan." Hoisting of Pakistani flags during protest demonstrations has become order of the day. Indian national days are being observed as black days by the Kashmiris.

The matter of fact is that the Kashmir dispute is considered both by Pakistanis and Kashmiris as an unfinished agenda of the partition of the South Asian sub-continent in 1947 and the liberation struggle of the people of Jammu and Kashmir as an inseparable part of Pakistan movement.

The leaders of Pakistan have always represented the Kashmiris' aspirations and never betrayed the faith reposed on them by the Kashmiri people. It was his commitment to the interests of the people of Kashmir that drove father of the nation, Quaid-e-Azam Muhammad Ali Jinnah, to visit Jammu and Kashmir three times before 1947. He had rightly termed Kashmir as the "Jugular Vein" of Pakistan. Former Prime Minister, Zulfiqar Ali Bhutto, had vowed to wage a thousand-year war for Kashmir. Prime Minister, Mohammad Nawaz Sharif, and the Army Chief, General Raheel Sharif, are forcefully advocating settlement of the conflict over Kashmir in accordance with the Kashmiris' aspirations in line with the relevant UN resolutions for ensuring durable peace in South Asia. It is a reality that despite being the victim of Indian military aggression for supporting the Kashmiris during the past more than sixty-eight years, Pakistan never gave up its support to the Kashmir cause and continues to advocate resolution of the dispute to the satisfaction of the Kashmiri people.

**Indian state terrorism:**

On one hand, India wants that Pakistan withdraws its support to the Kashmiri people, while on the other, it has been resorting to the worst kind of state terrorism to suppress the Kashmiris' just struggle for securing their right to self-determination. Since 1989, when the people of Kashmir gave impetus to their liberation struggle, the unabated Indian barbarism has resulted in the killing of nearly one hundred thousand innocent Kashmiris and disappearance of ten thousand in custody. This phenomenon of killing has rendered over twenty-five thousand women widowed and around a hundred and ten thousand children orphaned. However, India's all brutal tactics have failed to subdue the liberation sentiment of Kashmiris. During the mass uprising in occupied Kashmir from 2008 to 2010, hundreds of thousands of people hit the streets of Srinagar and other towns of occupied Kashmir with the demand of their right to self-determination. However, instead of respecting the sentiments of these people, Indian troops and police personnel responded with bullets, teargas shells and batons, killing more than 200 innocent people including women and children besides injuring thousand others. New Delhi is staging election dramas in occupied Kashmir to mislead the world opinion about the Kashmir dispute and the prevailing deteriorating human rights situation in the occupied territory. The present Indian government led by Narendra Modi is hell-bent upon the complete integration of Jammu and Kashmir with India and changing the demographic composition of the territory. It has started its efforts of abrogating Article 370 and Article 35 A of Indian constitution that grant special status to Jammu and Kashmir. The Modi government is planning to settle non-Kashmiris in the territory and divide the Kashmiri people on sectarian and communal lines. The objective is to convert Muslims in Jammu and Kashmir into a minority. The deplorable aspect of the matter is that the international community is turning a blind eye to India's actions in Kashmir resulting in the continued sufferings of the Kashmiri peoples:.

**Conclusion:**

There is no denying the fact that Jammu and Kashmir is a flashpoint as it involves two nuclear-armed arch-rivals, Pakistan and India. Therefore, it is high time for the world community to realize the sensitivity of the situation. It must take cognizance of India's unrealistic and intransigent attitude towards the Kashmir dispute. The 5th February is a reminder to the world about the urgency involved in an early resolution of the lingering dispute for the global peace, security and prosperity.


कल इण्डिया...
मात्र रू. २.९० प्रति मिनेट
साथै कतार, साउदी अरेबिया, यू.ए.इ., बहराइन र कुवेतमा फोन गर्दा अब मात्र रु.१२ प्रति मिनेट ।
फोन गर्ने तरिका:
१४२४ + कन्ट्रिकोड + फोन नं.
थप जानकारीको लागि:
नोटिसबोर्ड नं. १६१८ ०७०७ ११११ मा डायल गरी सुन्न सक्नुहुनेछ ।
उल्लेखित महसुल दरमा नेपाल सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।
Nepal Telecom
नेपाल टेलिकम

नसोचेकै बेला आउँछ है भूईचालो,
पूर्वतयारीमा जुट्ने हामी सबैको पालो !
"राष्ट्रिय भवन संहिता पालना गरौं"
नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
भवन निर्माण
संभार डिभिजन कार्यालय
अनामनगर, काठमाडौं

# सहज अवतरणका लागि मधेशमैत्री सम्बन्ध

*उपेन्द्र झा*

उग्र राष्ट्रवादको जन्म त्यसै भएको होईन । जसरी देशको राजनीतिमाथि खस शासकवर्गको एकाधिकार कायम छ, त्यसरी नै एकात्मक उग्र गोर्खाली प्रवृति सबै राजनीतिक दलहरूमा आफनो वर्चस्व बनाएर बसेको छ । कम्युनिष्ट पार्टीमा होस् वा काँग्रेस पार्टीमा, नेपाली राज्यसत्तामा खस वर्चस्वको रक्षा हेतु सधैं तमतयार रहने उग्र गोर्खाली प्रवृति राज्यसत्तामाथिको प्रहारलाई बर्दास्त गर्न सक्दैन । ०६३ सालको मधेश विद्रोहले यिनलाई राम्रो सबक सिकाएपछि यिनी एकात्मकताप्रति सजग र संगठित छन् ।

मधेशले ०६३ सालमा राज्यसत्तामाथि गरेको कठोर प्रहारबाट चोट खाएका गोर्खाली प्रवृति आहत भएर पनि आफनो संयम बिगारेनन् बरु संगठित भएर यसको बदला लिन कठोर संकल्प नै गरे । यो संकल्पको नतिजा दोश्रो संविधान सभापछि प्रष्ट रूपमा सतहमा आएको हो । अहिले भनिएको माले, मशाले, मण्डले गठबन्धनको सरकार वास्तवमा उग्र गोर्खाली प्रवृति हो जसले सधैं खसवर्गीय एकात्मक राज्यसत्ताको रक्षार्थ सजग र सचेत रहन्छ ।

कट्टर सामन्ती चरित्र बोकेको गोर्खाली प्रवृति जुनसुकै पार्टीमा बसेर जन अधिकारबारे कुरा गरे पनि ऊ जनताका मित्र होईनन् भन्ने कुरा विगतका राजनीतिक घटनाले जनतालाई राम्ररी सिकाएको छ । सोही वर्गको जनतालाई प्रतिनिधित्व गर्ने यिनीहरु राज्यसत्तामा आमूल परिवर्तन पटक्कै चाहँदैन । राज्यविहीनताको अवस्था भोगि रहेका मधेशी, थारु, जनजाती, महिला, मुस्लिम, दलित, पिछडिएकावर्ग, अल्पसंख्यक तथा अन्य सीमान्तीकृत समुदायको हक अधिकारको सशक्त आवाज उठि रहेका बेला यिनी सल्बलाउने गर्छन । विभिन्न दर्शनका पाठ घोकेर आएका जनतामाझ राजनीतिक शिक्षक नै बन्न खोजी रहन्छन् । आफनो चातुर्य शैलीको माध्यमले जनतामा घुलमिल गरि झुक्याएर नेतृत्व गर्दै राज्यसत्ताको अखण्डतालाई कायम राख्दै आएका खसवर्गीय शासकहरु आफूबाहेक राज्यसत्तामा कसैको सहभागिता चाहँदैनन् । जन अधिकार बहालीका नाममा गरिएका ठुल्ठूला आन्दोलनहरु वास्तवमा यिनीहरूको पालैपालो सत्ता आरोहणबाहेक अरु केही देखिएन । विगतमा भएका यस्ता कैयौं आन्दोलनहरूले जन अधिकार बहाल गर्न नसकेपछि जनतामाझ यिनी नाँगिए । यिनको जनविरोधी चरित्रको पर्दाफाश भएपछि जनता यिनको विरुद्ध संगठित भएर अधिकारका लागि उठ्न थाल्दा विभिन्न दर्शनको आवरणमा रहेका यी छद्मवेशी खस शासकवर्गको उग्र गोर्खाली प्रवति सक्रिय भएका छन् । यस्तो बेला उनको पारस्परिक विपरित विचारले उनमा कटुताभास दिदैन । सबै एक पलमा संगठित भएर एकाकार हुन्छन् । यो खस शासकवर्गको ठूलो विशेषता हो ।

जनतामा राजनीतिक अभ्यासले उसको चेतनालाई पनि प्रखर रूपमा जगाएको छ । अधिकारवादी जनता आफनो अधिकारको लागि अब खस शासकवर्गको नेतृत्वमा होईन, आफनै नेतृत्वको अभ्यास गर्न खोज्दा खस शासकवर्ग चिढिएको छ । जनसमर्थन गुमेपछि अस्तित्व पनि गुम्ने भय पनि व्याप्त रहेको अवस्थामा परिस्थितिले जहाँ जन विरोधी पंक्तिमा उभ्याई दिएको छ र जनता विरोधमा उत्रेको छ, यिनको अबको रणनीति के हुने भन्ने सबै प्रतीक्षामा छन् । तर राज्यसत्तामा संघीयतालाई समावेश नगर्ने उग्र राष्ट्रवादीहरूको कट्टर अडानमा यिनकै शक्ति क्षयीकरण हुँदैछ भन्ने यिनलाई किञ्चित भान भई रहेको छैन । सामन्ती चरित्रको स्वाभाविक जिद्दका कारण सरकार अहिले टस से मस भई रहेको छैन । सम्भवतः मधेशको आन्दोलन धेरै दिन धान्न नसकेर आफै बिलाएर जाने आश होला ।

विगत बीस वर्षदेखी अस्थिर राजनीतिलाई सेटलमेन्ट गर्न नसकेको सरकार देशमा १ सय ५० दिन देखि चलि रहेको मधेश आन्दोलनलाई नजरअन्दाज गरि विकास र समृद्धिका कुरा गरेर बेतुका विचार प्रदर्शन गर्दा दर्शनका पाठहरु सबै बिर्सि सकेको भान हुन्छ । अस्थिर राजनीतिले केही कुरा सहज चल्न दिंदैन भन्ने कुरा बुझ्दा बुझ्दै पनि सरकारको यो सतही विचार कति लज्जाजनक छ सबैले महसूस गरेका छन् । अभावका कारण संकटग्रस्त बनेको नेपाली जनजीवन सरकारको लागि खेलाँची नै भएको छ । देशलाई जस्तोसुकै संकट भोग्नु परे पनि मधेशीलाई सबक सिकाउने सरकारको आन्तरिक दृढ मनसाय रहेकोले वार्ता नौटंकी मञ्चनको माध्यम बनेको छ । अभावग्रस्त जनजीवनबाट नराम्ररी प्रभावित प्रबुद्धवर्ग पनि सरकारको कार्य व्यवहारप्रति असन्तुष्ट बनेका छन् । विभिन्न सञ्चार माध्यमबाट विद्वतवर्गले सरकारमाथि लगाई रहेको गैर जिम्मेवारीपनको आरोपसंग पनि सरकारको कुनै वास्ता देखिदैन । देशमा विद्यमान संकटसंग कुनै सरोकार नराखी प्रधानमन्त्रीले देश समृद्धितिर लम्कि रहेको भन्ने अप्रसाँगिक अभिव्यक्ति कति सुहाउँदो हो विचार गर्न सकिन्छ ।

राजनीतिक रूपमा धकेल्दै भित्तामा पुऱ्याएको अवस्थामा मधेशलाई आन्दोलनको कुनै विकल्प रहेन । ०६३ सालको मधेश आन्दोलनले प्राप्त गरेको सम्पूर्ण उपलब्धि (प्रतिष्ठा, पहिचान, सम्मान र अधिकार) राज्यसत्ताको षडयन्त्रले खोसेर लिई सकेपछि मधेश पुनश्च आन्दोलित भएको हो । मधेशले अन्तरीम संविधानमा उल्लेख माँगबाहेक नयाँ कुनै कुरा माँगेको छैन । मधेशको माँगप्रति खस शासकवर्गको सामूहिक प्रतिबद्धता पनि छ । अन्तरीम संविधानबाट पश्चगमनतिर राज्य गएपछि मधेश आन्दोलनमार्फत रोक्न खोजेको हो । सरकारको प्रतिगामी कदमलाई रोक्न गरिएको शान्तिपूर्ण आन्दोलनलाई राजद्रोहको संज्ञा दिने सरकारको व्यवहारबाट देशमा केही नभएको देखाउन खोजिएको छ मानौं मधेश आन्दोलनबाट केही हुनेवाला छैन । यस्तो सोच कि त बौलाएको कि अत्यधिक मजबूत सरकारले मात्र लिन सक्दछन । लामो समयदेखिको बन्दबाट अस्त व्यस्त बनेको जनजीवनप्रति गम्भीर चिन्ता लिएका विद्वतवर्गको सल्लाह सुझाव पनि नमान्ने यो हठी सरकारको कार्य व्यवहारबाट सबै वाक्क दिक्क भएका छन् ।

संकटग्रस्त देशको अस्त व्यस्त हालतप्रति कुनै चासो नराख्ने सरकार आफना छिमेकी मित्र भारतसंग रहेको मैत्री सम्बन्धलाई पनि बिगारि सकेको छ । भारतसंग मैत्री सम्बन्ध राख्न नेपालको बाध्यात्मक अवस्थालाई पनि बुझ्न नसकेका व्यक्तिहरु सरकार प्रमुख भई कसरी देश हाँक्न जमर्को गरेका होलान् ? भारत र मधेशसंग जुहारी खेलेर ओली सरकार देशलाई किञ्चित पनि फायदा पुऱ्याउन सक्दैन । मधेशलाई आन्दोलनबाट पछि हट्ने कहीं कतै ठाउँ छैन । सरकार पनि पछि हट्ने मानसिकतामा छैन भने यसको परिणाम के होला ? सबै कुराको जिम्मेवारी सरकारमा निहित रहेकोले सरकारलाई पछि हट्ने बाध्यता छ । मधेशलाई दमन गरेर समाधान गर्ने अवस्था छैन । वार्ताद्वारा समस्याको समाधानबाहेक सरकारलाई अरु कुनै विकल्प छैन । दोश्रो संविधान सभामा मधेशमा आफनो बलियो उपस्थिति देखाएका काँग्रेस, एमाले र एमाओवादी अहिले मधेश आन्दोलनलाई निस्तेज गर्न सकि रहेको छैन । मधेशलाई झुक्याएर वोट लिनेले मधेशमा जान किन हिम्मत गर्न सकि रहेको छैन ? मधेशलाई किन सम्झाउन सकि रहेको छैन ? किन घोषणा गरिएको संविधान काखमा च्यापेर कार्यान्वयन गर्न सकि रहेको छैन ? मधेशमा तपाईंहरूको ठेकेदारी मात्र छ कि हाम्रो पनि छ भन्ने प्रचण्ड, झलनाथ खनाल र माधव नेपालले महन्थ ठाकुर, राजेन्द्र महतोलाई दिएको चुनौती अहिले के काम लाग्यो ? कहाँ छ खसवादी पार्टीहरूको मधेशमाथिको एकाधिकार ?

**मधेशले ०६३ सालमा राज्यसत्तामाथि गरेको कठोर प्रहारबाट चोट खाएका गोर्खाली प्रवृति आहत भएर पनि आफनो संयम बिगारेनन् बरु संगठित भएर यसको बदला लिन कठोर संकल्प नै गरे । यो संकल्पको नतिजा दोश्रो संविधान सभापछि प्रष्ट रूपमा सतहमा आएको हो । अहिले भनिएको माले, मशाले, मण्डले गठबन्धनको सरकार वास्तवमा उग्र गोर्खाली प्रवृति हो जसले सधैं खसवर्गीय एकात्मक राज्यसत्ताको रक्षार्थ सजग र सचेत रहन्छ ।**

मधेश अहिले विविधतालाई एकाकार गरेको छ । जतिसुकै टुटेपनि राज्यको विरुद्ध अधिकार लिने अवस्थामा मधेशको एकता उदाहरण बनेर देखाउँछ । यही उसको. सच्चाई हो । राज्यद्वारा गरिएको विभेदको प्रभाव मधेशीमा मात्र होईन, मधेशको माटो, हवा, पानीमा पनि विद्यमान रहेकोले समान पीडाको अनुभूतिले नै एकछिनमा मधेशलाई जोड्छ र मधेश एकाकार हुन्छ ।

०६३ को मधेश आन्दोलन पछिका दिनमा राज्य षडयन्त्रले जसरी मधेशलाई तोडेर गौरव महसूस गरेको थियो, आज राज्यको त्यो षडयन्त्र, त्यो अभिमान सबै विफल भएको छ । तोडिएको मधेश पुनश्च एकाकार हुनुको पछाडि राज्यको विभेद नै हो । राज्यको विभेदपूर्ण व्यवहार नै मधेशलाई आन्दोलित गर्छ । मधेशको बढ्दो शक्तिसंग मैत्रीभाव राख्नुको सट्टा राज्य परम्परागत शैलीमा भेदभावपूर्ण व्यवहार राख्दै आएकोले अन्तर्द्वन्द्व घट्नुको सट्टा बढ्दै आएको हो । शासकहरु बदले पनि मधेशसंगको भेदभाव हट्न सकेन । फलतः मधेश अहिले राज्यसत्ताको विरुद्ध आन्दोलन लिएर आमने सामने उपस्थित छ । राज्य कै व्यवहार अनुसार मधेशको पनि प्रतिक्रिया स्पष्ट रूपमा आउने भएकोले राज्य कसरी मधेशसंग पेश हुन्छ मधेशको पनि सोही बमोजिम व्यवहार हुन्छ ।

राज्यको पुनर्संरचना, राष्ट्रियताको पुनर्परिभाषा, समानुपातिक समावेशी राज्य, संघीय लोकतान्त्रिक गणतन्त्रको जनादेशलाई लत्याएर परम्परागत रूपमा रहेको खस वर्चस्वको एकात्मक राज्यसत्तालाई यथावत् कायम राख्ने दर्शनशास्त्रीहरूको कदमलाई अब भने मधेशी, थारु र जनजाती लगायतका सीमान्तीकृत समुदायले बर्दास्त गर्न सक्दैन । अन्तरीम संविधानका आफना माँगलाई सम्बोधन गर्न दबाव स्वरूप ल्याइएको आन्दोलनलाई संसारले सम्बोधन गर्न आग्रह गरेको छ । मधेशको माँग जायज भनेर सबैले स्वीकार गरेपछि यसबाट पछि हट्ने सरकारको ठाउँ नै छैन ।

खस वर्चस्वको राष्ट्रियता अस्वीकार भएको अवस्थामा यसलाई यथास्थितिमा जोगाई राख्न कठीन छ । नयाँ नेपालको अवधारणालाई तिलाञ्जली दिने प्रतिगामी सरकारले जतिसुकै संविधानको प्रशंसा गरे पनि यसले देशमा द्वन्द्व खडा गरेको स्पष्ट छ । मधेश आन्दोलनलाई दबाउन अत्यधिक र अमानवीय तवरले बल प्रयोग गरि सरकारको अन्तर्राष्ट्रिय स्तरमा आलोचना भई रहेको छ । राज्यको बर्बर शैलीको दमनले मधेशलाई पनि थप आक्रोशित बनाई रहेको छ । हालै राष्ट्रिय स्तरका सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोलाई ताकेरै प्रहार गरि घाईते बनाएको सरकारको नियत स्पष्ट भई रहेको छ । मधेशलाई कडाईका साथ व्यवहार गर्ने राज्यले मधेशसंग पनि त्यस्तै व्यवहार झेल्नु पर्ने अवस्था छ । मधेशले देशको मूल राजनीतिमा आफनो अहम् भूमिका खोजेको बेला त्यसलाई अस्वाभाविक रूपमा पछाडि धकेल्नु निश्चय पनि राज्यको हितमा छैन । सहज अवतरणका लागि मधेशसंगको मैत्री सम्बन्ध अपरिहार्य बिषय हो । यसलाई स्वीकार गर्नु पर्दछ ।

*(मधेश दर्पण फिचर सेवा)*

Sajha Express (p.) Ltd.
**Domestic & INT 'L Courier Cargo Service**

Head Office
Hanumansthan, Anamnagar
Po Box 14189 Kathmandu,
Nepal, Tel .4230789 ,4230269

Branch Office
Barnwal Market, Birgunj
Hari Panta (Branch Manager),
Tel. 051-526809 , 9855021524

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
**सिन्ह्वा कम्पनी प्रा.लि.**
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०

# एक वर्षमा दुई हजार ६ सय लागुऔषध कारोबारी पक्राउ

काठमाडौं । एक वर्षमा दुई हजार ६ सय ३६ जना लागुऔषध कारोबारी पक्राउ परेका छन् । जुन अघिल्लो वर्षको तुलनामामा तीन सय कम हो । सन् २०१५ मा अघिल्ला वर्षको तुलनामा लागुऔषध कारोबारमा कमी आएको प्रहरीले जनाएको छ ।

लागुऔषध नियन्त्रण ब्युरो (एनसिबी) को तथ्यांकअनुसार सन् २०१५ मा २०१३ र २०१४ को तुलनामा थोरै कम लागुऔषध बरामद भएको छ भने कारोबारी पनि थोरै मात्र पक्राउ परेका छन् ।

सन् २०१५ मा प्रहरीले देशभरिबाट एक सय १६ जना विदेशीसहित दुई हजार ६ सय ३६ जनालाई प्रहरीले पक्राउ गरी मुद्दा दायर गरेको हो । सन् २०१४ मा दुई हजार नौ सय १८ र २०१३ मा दुई हजार ६ सय ७३ जना पक्राउ परेका थिए । भूकम्प र नाकाबन्दी तथा लागुऔषध कारोबारमा कमी आएकाले पक्राउ संख्या घटेको प्रहरीले जनाएको छ । सन् २०१५ मा दुई हजार चार सय १६ नेपाली, १ सय ११ भारतीय र अरु १३ जना अन्य देशका विदेशी छन् । भारतबाहेक मलेसिया, जर्मनी, युक्रेन, अस्ट्रेलिया, स्विट्जरल्यान्ड, चीन र अमेरिकाका नागरिकसमेत पक्राउ परेका छन् ।

एक वर्षको अवधिमा प्रहरीले ६ हजार ६ सय ४५ केजी गाँजा, एक हजार ५ सय १२ केजी चरेस, ६ दशमलव ३ केजी हेरोइन र ९ दशमलव ८ केजी अफिम बरामद गरेको छ । त्यस्तै, १८ हजार ९ सय ५० ब्रुपेनर्फिन, २५ हजार ५६ एम्पुल डाइजेम एक वर्षको अवधिमा बरामद भएको छ । ११ केजी कोकिन पनि बरामद भएको छ । हेरोइनबाहेक सबै किमिसका लागुऔषध अघिल्लो वर्षको तुलनामा थोरै मात्र बरामद भएको थियो । सन् २०१४ मा ६ हजार नौ सय १० केजी गाँजा, २ हजार ५३ केजी चरेश, ३ केजी हेरइन र ३३ केजी अफिम बरामद भएको थियो ।

पछिल्लो समय मेडिकल ड्रगको समस्या बढे पनि देशलाई ट्रान्जिट बनाएर तस्करी हुने क्रम घटेको लागुऔषध नियन्त्रण ब्युरोका एसएसपी गणेश केसी बताउँछन् । 'हामीले एयरपोर्टमा धेरै कडाइका साथ चेकजाँच गर्दै आएका छौं,' एसएसपी केसीले भने, 'अब पहिलेजस्तो विदेशीहरुले नेपालको एयरपोर्टलाई लागुऔषध तस्करीमा दुरुपयोग हुने कम सम्भावना छ ।' तर पनि कार्गोभित्र लुकाएर केही तस्करी भइरहेको हुनसक्ने उनले बताए ।


# नेपालको संविधानमा अपांगता भएका व्यक्तिको अधिकार

**नेपालको संविधानमा अपांगता भएका व्यक्तिको हक अधिकार देहाय बमोजिम रहेको छ ।**

- सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने राज्यको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति हुने ।
- सामान्य कानूनको प्रयोगमा शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका, अपांगता भएका व्यक्ति, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानूनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुने ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानूनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका अपांगता भएका व्यक्तिसमेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागी हुन पाउने सामाजिक न्यायको हक हुने ।
- अपांगताभएका नागरिकलाईविविधताकोपहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुने ।
- आर्थिकरूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, अपांगता भएका नागरिकलाई सामाजिक सुरक्षाको हक हुने ।
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक निर्वाचित हुने सुनिश्चित गरिएको ।
- अपांगता भएका व्यक्ति समेतको हक अधिकारको संरक्षण, सशक्तिकरण, विकास र सम्वृद्धिको लागि संवैधानिक आयोगको रुपमा राष्ट्रिय समावेशी आयोगको व्यवस्था गरिएको ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

नेपाल सरकार
कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग


vnsb

# एन्फा अध्यक्षमा निर्वाचन गराऊ : समिति

काठमाडौं । अखिल नेपाल फुटबल संघ (एन्फा)को विषयमा छानबिन गर्न गठित समितिले राष्ट्रिय खेलकुद परिषद्लाई ३९ पृष्ठ लामो प्रतिवेदन बुझाएको छ । पूर्वसचिव प्रतापकुमार पाठकको संयोजकत्वमा गठित समितिले मंगलबार प्रतिवेदन परिषद्का सदस्यसचिव केशवकुमार विष्टलाई बुझाएको हो ।

समितिले एन्फाका तत्कालीन अध्यक्ष गणेश थापा १० वर्षको प्रतिबन्धमा परेकाले विधानसम्मत तरिकाले अध्यक्ष पदको निर्वाचन गर्न राष्ट्रिय खेलकुद परिषद्ले व्यवस्था गर्नुपर्ने सुझाब दिएको छ । यसैगरी, समितिले अध्यक्ष कारबाहीमा परेकाले फिफा र एएफसीसँग सम्बन्ध राख्न सरकार, परिषद्



र एन्फाका पदाधिकारी सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डल बनाउन पनि सुझाब दिएको छ । प्रतिनिधिमण्डलमार्फत फिफा र एएफसीसँग द्विपक्षीय सरोकारको विषयमा छलफल तथा परामर्श कूटनीतिक तथा व्यावसायिक तहमा सम्पर्क गर्न पनि समितिले भनेको छ ।

यसैगरी, फिफा र एएफसीबाट नेपालको फुटबल खेलको विकासका लागि प्राप्त हुने सहयोगको रकमको पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गर्न भनिएको छ । सहयोगलाई सही ढंगले प्रयोग गर्न सर्त र कार्यान्वयन प्रणालीमा परिमार्जन गर्न फिफा र एएफसीसँग समन्वय गर्न पनि समितिले सुझाब दिएको छ ।

एन्फाका पदाधिकारीहरूलाई जिम्मेवारीबाट हटाउने गरी गरिएको निर्णय विधानविपरीत भएको पनि समितिले ठहर गरेको छ । एन्फाले हटाएका उपाध्यक्ष तथा पदाधिकारीलाई जिम्मेवारीको पदका कायम राख्न राष्ट्रिय खेलकुद परिषद्ले एन्फालाई निर्देशन गर्नुपर्ने पनि समितिको सुझाब छ । साधारणसभाको निर्णय नभएसम्मका लागि एन्फाको कार्यकारी समितिलाई कुनै पनि नीतिगत तथा दीर्घकालीन असर पर्ने निर्णय नगर्न राष्ट्रिय खेलकुद परिषद्ले निर्देशन दिनुपर्ने सुझाब समितिले उल्लेख गरेको छ ।

# मल्पीलाई दोहोरो उपाधि

आयोजक मल्पी इन्स्टिच्युट एले प्रथम मल्पी अन्तर ए लेभल कलेजस्तरीय थ्री बाई थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेको छ । मल्पीको पुरुष ए र महिला टोली च्याम्पियन बनेका छन् । पुरुषतर्फको सोमबार सम्पन्न फाइनलमा मल्पीले युलेन्सलाई २१-९ ले पराजित गऱ्यो ।

महिलातर्फको उपाधि भिडन्तमा मल्पीले एसलाई २१-८ ले हरायो । मल्पीको जितमा सलोनी शेरचनले १२ स्कोर गरिन् । सलोनी मोस्ट भेलुएबल प्लेयर घोषित भइन् । दुई दिनसम्म सञ्चालन भएको प्रतियोगिताको पुरुषतर्फ १० र महिलातर्फ ५ँच टोलीले प्रतिस्पर्धा गरेका थिए ।

# उपराष्ट्रपतिद्वारा फुटबल टोलीबधाई

उपराष्ट्रपति नन्दबहादुर पुन 'पासाङ'ले बंगबन्धु गोल्डकपको च्याम्पियन नेपाली राष्ट्रिय फुटबल टोलीका खेलाडी, प्रशिक्षक र राष्ट्रिय खेलकुद परिषद्लाई बधाई दिएका छन् । उपराष्ट्रपति पासाङले सोमबार राष्ट्रिय टोलीका कप्तान विराज महर्जन, प्रमुख प्रशिक्षक बालगोपाल महर्जन र राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव केशवकुमार विष्टलाई छुट्टा-छुट्टै शुभकामना पत्र पठाएर बधाई तथा शुभकामना दिएका हुन् ।

'बंगलादेशको ढाकामा आयोजित अन्तर्राष्ट्रियस्तरको बंगबन्धु गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा बहराइनलाई ३-० को फराकिलो अन्तरले पराजित गर्दै नेपाली फुटबल टोलीले उपाधि हासिल गर्न सफल भएकोमा अत्यन्त हर्षित र गौरवान्वित भएको छु', उपराष्ट्रपति पासाङले शुभकामना पत्रमा लेखेका छन्, 'खुसियालीको यस सुखद अवसरमा राष्ट्रको गरिमा बढाई नेपाल र नेपालीको शिर उँचो बनाउन सफल हुनुभएकोमा सम्पूर्ण खेलाडी, प्रशिक्षक तथा सम्बद्ध खेल पदाधिकारीहरूलाई हार्दिक धन्यवाद दिँदै हृदयदेखि नै बधाई तथा शुभकामना व्यक्त गर्दछु ।'

फुटबलमा नेपालल २३ वर्षपछि अभूतपूर्व सफलता प्राप्त गरेको भन्दै उनले प्रशंसनीय काम भएको उल्लेख गरेका छन् । उनले बंगबन्धु कपमा पाएको सफलताबाट भविष्यमा हुने अन्य खेलकुद प्रतिस्पर्धामा समेत नेपाली खेलाडीको मनोबल सुदृढ गर्न सहयोग पुग्ने विश्वास लिएका छन् । उपराष्ट्रपति पासाङले दु:ख भोगिरहेका नेपाली जनतालाई फुटबलमा प्राप्त सफलताले राहत महसुस गराएको उल्लेख गरेका छन् ।

## /Elg va/



## असरफको पक्षमा कविता र पेन्टिङ

भनिन्छ, कविताको भाषा हुँदैन, कुनै भूगोल र सीमा हुँदैन । पछिल्लो समय नेपालका विभिन्न सहरमा भएका कार्यक्रमले पनि यसको पुष्टि गरेको छ । सन्दर्भ हो– प्यालेस्टाइनी कवि असरफ फयादलाई सुनाइएको मृत्युदण्ड । कवि तथा चित्रकार फयादलाई साउदी अरब सरकारले मृत्युदण्ड सुनाएपछि नेपाली कविहरु त्यसको विपक्षमा उत्रिएका छन् । यही अभियानअन्तर्गत शनिबार शिल्पी थिएटरमा कविहरूले कविता सुनाए, चित्रकारहरूले चित्र बनाए ।

अभियन्ताहरु सौरभ कार्की, अज्ञात लुइँटेल र शिखर घिमिरेको आयोजनामा भएको कार्यक्रममा कविहरु श्यामल, विमल निभा, राजेन्द्र पराजुली, हरि अधिकारी, गीता त्रिपाठी, ईश्वर कँडेललगायतले कविता सुनाएका थिए ।

'आम मानिसको जीवनलाई कवितामा उतारेकै कारण असरफलाई मृत्युदण्ड दिइँदै छ,' कार्यक्रममा शिखर घिमिरेले भने, 'मानवीयताका पक्षमा हामी सबै एक हुनुपर्छ, त्यसैको एउटा अभियान हो यो कार्यक्रम ।'

कवि श्यामलले कार्यक्रममा असरफमाथि मृत्युदण्ड सुनाउँदा नेपालमा बस्ने सबै कविको मन रोएको बताए । उनले विचार कविता सुनाउँदै भने, 'यसको विरूद्धमा हामी लाग्नुपर्छ, अभिव्यक्ति स्वतन्त्रता हुनुपर्छ ।' त्यस्तै, कवि विमल निभाले कवितामार्फत नेपालको वर्तमान अवस्थालाई व्यंग्य मात्र गरेनन्, साउदी अरब सरकारलाई चेतावनी पनि दिए ।

कवि हरि अधिकारीले कवितामार्फत अभिव्यक्ति स्वतन्त्रताको पक्षमा वकालत गरे । त्यस्तै, कवि राजेन्द्र पराजुलीले पनि साउदी सरकारका नाममा कविता वाचन गरे । अन्य कविहरु मानिस, सौरभ कार्की, सुरज सुवेदीले पनि कवितामार्फत असरफको पक्षमा कुरा गरे ।

अभियन्ता अज्ञात लुइँटेलले यो कार्यक्रमलाई भिडियोमार्फत संसारभर फैलाउने बताए । उनले भने, 'हाम्रो सानो प्रयास विश्वले सुन्नेछ र साउदी सरकारले पनि ।'

कार्यक्रममा उपकार घमाल, जुजुकाजी श्रेष्ठ, मन गुरूङ, जया शर्मा, उमा खड्का, सुमन गिरी, विकुकुमार थापा, ओमप्रकाश गुरूङ, काजी राना, रत्न शाक्यले पेन्टिङमार्फत असरफलाई सुनाइएको मृत्युदण्डको विपक्षमा पेन्टिङ गरे ।

शिल्पी थिएटरका निर्देशक घिमिरे युवराजले यस्ता कार्यक्रमले जनमानसमा चेतना फैलाउने बताए । उनले भने, 'विचारलाई मार्नु कुनै पनि अर्थमा स्वीकार्य छैन । असरफलाई दिइएको मृत्युदण्ड फिर्ता गर्नुपर्ने शिल्पीको पनि धारणा र ऐक्यबद्धता हो ।'

## चितवनमा संगीतको एकल कविता वाचन

*चिच्याउनुहोस् र भन्नुहोस्–*
*कोर्रा खाइरहेको बन्दी चिच्याउनै छाड्यो भने के हुन्छ ?*
*च्याँट्निुहोस् र भन्नुहोस्–*
*भोकभोकै छाडिएको बच्चा च्याँट्ठिन छाड्यो भने के हुन्छ ?*

शनिबार दिउँसो चितवनस्थित नेपाल पोलिटेक्निक इन्स्टिच्युटको भवनमा कवि संगीत श्रोता 'समय सन्नाटा' कविता वाचनका क्रममा निकै आक्रामक सुनिए । उनले यो कवितामार्फत देशमा भइरहेका विभिन्न खाले अन्याय र विभेदविरूद्ध मौन बस्ने परिपाटीमाथि कडा प्रहार गर्न खोजेको देखिन्थ्यो ।



अखिल नेपाल लेखक संघ, चितवनले त्यहाँ कवि संगीतको एकल कविता वाचन कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा संगीतले आफ्ना १७ वटा कविता वाचन गरे । पुरुषको मात्र उपस्थितिविरूद्ध पनि उनले 'महिलाहरु कहाँ छन्' शीर्षकको कवितामार्फत बोले । प्रमुख अतिथिको आसनदेखि राष्ट्रपतिको कार्यालयसम्म पुरुषकै दबदबा रहेको कुरा उनको कविताले बोलिरहेको थियो ।

कार्यक्रममा संगीतले 'हेडसर–वसन्ती', 'मुस्कान', 'समय सन्नाटा', 'कनेक्सन', 'अगने कामी', 'झोला', 'इच्छुकको इमेल', 'हतार–हतारमा यात्रा', 'अभि सुवेदी : एक देब्रे ढल्कुवा उपसर्ग', 'मोदनाथ प्रश्रितको ठेगाना खोज्दै हिँडेका पृथ्वीनारायण शाहका प्रेतहरुलगायतका कविता पनि सुनाए ।

कविता वाचन सुरु हुनुअघि कवि उदय अधिकारीले संगीतको व्यक्तित्व र कविताका बारेमा बोलेका थिए । उनले संगीतलाई विचारको तीव्रता भएको कविका रूपमा चिनाए । 'कविसँग समसामयिक चेतना हुनुपर्छ', उनले भने, 'त्यो संगीतमा पाइन्छ । उनको कवितामा समयको आवाज प्रखर रूपमा आएको हुन्छ । उनका कविताहरूले समयको कथा भन्छन् ।'

त्यस्तै, कविता वाचनको अन्त्यतिर कवि विनोदविक्रम केसीले संगीतका कवितामाथि टिप्पणी गरेका थिए । 'संगीतले आफ्ना कवितामार्फत निर्मम युगलाई निर्मम तरिकाले प्रहार गर्न प्रयत्न गरिरहेकोजस्तो लाग्छ', उनले भने । कवि केशव सिलवालले कार्यक्रममा संगीतको 'कुर्कुच्चा' शीर्षकको कविता वाचन गरे । कलाकारद्वय अकृन अधिकारी र महेश बस्ताकोटीले संगीतका कवितामा आधारित रहेर वाचनस्थलमा चित्र कोरेका थिए ।

## भूकम्पपीडितलाई मुन्द्रेको सिरक

हास्य अभिनेता जितु नेपाल (मुन्द्रे)ले आफ्नो गाउँ सिन्धुपाल्चोक, फुल्पिङडाँडा ५ र ७ वडाका भूकम्पपीडितलाई न्याना कपडा वितरण गरेका छन् । उनले जाडोबाट पीडित ८७ परिवारलाई एक लाख



रुपैयाँबराबरका सिरक तथा न्याना लुगा वितरण गरेका हुन् ।

जितुले अमेरिकानिवासी विष्णुहरि सुवेदी र बाबु केसीले सहयोग गरेको ६० हजारमा रकम थप गरी कपडा वितरण गरेको बताए । उनले आफ्नो गाउँका स्थानीयको पीडालाई केही मात्रामा भए पनि कम गर्ने प्रयासस्वरूप कपडा वितरण गरेका हुन् । उनले केही अघि आफ्ना जिल्लाका एक सय ३५ भूकम्पपीडितलाई जस्तापाता, चामल तथा स्कुललाई पाँच थान कम्प्युटर पनि सहयोग गरेका थिए ।

## शीतललाई मुटुको धडकन भन्दै मिराज

मोडल मिराज कोइराला र शीतल आचार्यले अभिनय गरेको 'मुटुको धडकन आँखाको दृष्टि नै हो तिमी' बोलको म्युजिक भिडियो सार्वजनिक गरिएको छ ।

युरोप तथा नेपालका विभिन्न स्थानमा खिचिएको सो भिडियोको निर्देशन गम्भीर विष्टले गरेका हुन् । बिबी अनुरागीको संगीत र क्षितिजको शब्द रहेको सो गीत श्यामश्वेत रसाइलीले गाएका हुन् । गीत तथा भिडियोले मायालु श्रोता–दर्शकको मन जित्ने विश्वास मोडलद्वयको छ ।

## sk{/6

## सिभिल बैंकको लाभांश पारित

सिभिल बैंकको पाँचौं वार्षिक साधारणसभाले आव ०७१/७२ को नाफाबाट सेयरधनीलाई ६.७५ प्रतिशत बोनस सेयर तथा ०.३३५ प्रतिशत नगद लाभांश वितरण प्रस्ताव पारित गरेको छ । बोनस सेयर जारीपछि बैंकको चुक्ता पुँजी ३ अर्ब ८ करोड हुनेछ ।

साधारणसभाले बैंकको संस्थापक सेयर ५९.६८ प्रतिशत रहेकामा त्यसमध्ये ८.६८ प्रतिशत संस्थापक सेयर सर्वसाधारण समूहमा परिवर्तन गरी संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समुहको ४९ प्रतिशत कायम गरी सोहीबमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव पनि पारित गरेको छ ।

त्यस्तै, बैंकमा अर्को बैंक तथा वित्तीय संस्था गाभ्ने वा अन्य कुनै बैंक तथा वित्तीय संस्थासँग गाभ्ने वा प्राप्ति गर्ने, सम्पत्ति तथा दायित्वको मूल्यांकन गर्नेलगायत निर्णय लिन सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव पनि साधारणसभाले पारित गरेको बैंकले जनाएको छ ।

साधारणसभाले संस्थापक लगानीकर्ता समूहबाट सञ्चालक समितिमा इ. इच्छाराज तामाङ, अम्बीर बोगटी, प्रकाश तायल, रीता श्रेष्ठ र विनोदलाल श्रेष्ठलाई निर्विरोध निर्वाचित गरेको छ । चालू आव पुस मसान्तसम्म २६.९२ अर्ब निक्षेप संकलन गरी २३.७४ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेको बैंकले मुलुकभर ४२ शाखा ९ शाखा रहित बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

## बनेपामा सानिमा बैंक शाखा

सानिमा बैंकले काभ्रेको बनेपामा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । शाखा कार्यालय उद्घाटन बैंकका ब्रान्ड प्रवर्द्धकद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य तथा सानिमा बैंकका सञ्चालकद्वय महेश घिमिरे र भरतकुमार पोखरेलले संयुक्त रूपमा गरेका हुन् ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत भुवन दाहालले बनेपा शाखाबाट ग्राहकलाई गुणस्तरीय सेवा उपलब्ध गराइने बताए । बैंकका बनेपासहित ३९ शाखा सञ्जाल पुगेका छन् भने छिटै तनहुँको दमौलीमा शाखा विस्तारको तयारी भइरहेको बताएको छ ।

## गरिमाको २० प्रतिशत लाभांश

मुख्य कार्यालय पोखरामा रहेको गरिमा विकास बैंकको नवौं वार्षिक साधारणसभाले सेयरधनीलाई लाभांशबापत २० प्रतिशत बोनस सेयर वितरण प्रस्ताव पारित गरेको छ ।

साधारणसभाले बैंकको अधिकृत पुँजी वृद्धि गरी ३ अर्ब पुर्‍याउने तथा मर्जर प्रक्रिया अगाडि बढाउन बैंक सञ्चालक समितिलाई अधिकार दिने निर्णय गरेको प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले जानकारी दिए । हाल चुक्ता पुँजी ७१ करोड १० लाख रहेको बैंकको बोनस सेयर वितरणपछि चुक्ता पुँजी ८५ करोड ३२ लाख पुग्नेछ ।

गरिमा विकास बैंक र म्याग्दीको बेनीमा रहेको निलगिरि विकास बैंक एकआपसमा गाभिने सम्झौता यसअघि भइसकेको छ । साधारणसभाले संस्थापक सेयरधनीका तर्फबाट दिलीपप्रताप खाँण, चन्द्रकान्त बराल, श्यामप्रसाद बस्याल र हरिकुमार श्रेष्ठ तथा सर्वसाधारण सेयरधनीका तर्फबाट सन्जीव ढकाल, केशवराज ढकाल र बिमल पाण्डेलाई सञ्चालक समितिमा निर्वाचित गरेको छ । साधारणसभापछि बसेको नवनिर्वाचित समिति बैठकले अध्यक्षमा पुनः खाँणलाई चयन गरेको बैंकले जनाएको छ ।

## मेगा बैंक–क्लियरिङ हाउस सम्झौता

मेगा बैंक नेपाल र नेपाल क्लियरिङ हाउसबीच अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली (आइपिएस) सेवा सम्झौता भएको छ । सम्झौतामा बैंक सिइओ अनिलकेशरी शाह र क्लियरिङ हाउस सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरेका थिए ।

सम्झौतापछि क्लियरिङ हाउसले मेघा बैंकलाई अन्तरबैंक विद्युतीय भुक्तानी प्रणाली उपलब्ध गराउनेछ । सम्झौताअनुसार कम्पनीसँग आबद्ध सदस्य बैंक तथा वित्तीय संस्थाका ग्राहकको खातामा भुक्तानी दिने र लिनेलगायत कारोबार स्वचालित रूपमा सञ्चालन हुनेछ ।

## माछापुच्छ्रे बैंकको नयाँ कर्जा

माछापुच्छे बैंकले 'माछापुच्छ्रे बैंक सजिलो घर कर्जा, माछापुच्छ्रे बैंक सजिलो कार कर्जा र साना उद्यमी व्यवसायी कर्जा' योजना सुरू गरेको छ । योजनाअन्तर्गत वार्षिक ७.५० प्रतिशतमै सजिलो घर कर्जा र सजिलो कार कर्जा उपलब्ध हुनेछ भने वार्षिक ८ प्रतिशतमा साना उद्यमी व्यवसायी कर्जा उपलब्ध गराइने बैंकले जनाएको छ ।

कर्जा सेवाशुल्क ०.५० प्रतिशत रहने योजनाअन्तर्गतका कर्जा ३ देखि ५ दिनमा स्वीकृत हुनेछ । बैंकले कर्जा योजनाको अवधि दुई महिनासम्म रहने बताएको छ ।

## बैंक अफ काठमाण्डूले कम्बल वितरण गऱ्यो

बैंक अफ काठमाण्डूले सामाजिक उत्तरदायित्व अन्तर्गत जाजरकोट र सोलुखुम्बुका ३७० परिवारलाई कम्बल वितरण गरेको छ ।

बैंकले विमेन फर ह्युमन् राइटस् र विङ होमोसेपियन संस्थाको सहकार्यमा उक्त कम्बल वितरण गरेको हो । बैंकका प्रमुख सञ्चालन अधिकृत प्रविणप्रकाश क्षेत्रीले उक्त कम्बल सो संस्थाहरुलाई हस्तान्तरण गरिएको थियो । बैंकले यसअघि पनि निरन्तर रूपमा शिक्षा, स्वास्थ्य एवं वातावरणको क्षेत्रमा संस्थागत सामाजिक उत्तरदायित्व अभियान अन्तर्गत विभिन्न सहयोग पुऱ्याउँदै आएको छ ।

## अधिवेशन...

बाँकी विषय पनि वार्ता र संवादबाट मिलाउन सकिने कांग्रेस सांसदहरूको निष्कर्ष छ । कांग्रेस अधिवेशन शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्न सद्भाव र सहयोगका लागि आन्दोलनरत मधेसी मोर्चालाई उनीहरूले आग्रह गरेका हुन् । कांग्रेस सांसदहरूले सबै राजनीतिक दल, सरकार सञ्चारमाध्यम, नागरिक समाज, बुद्धिजीवी, व्यवसायी र पेसाकर्मीलाई पनि सहयोग गर्न आग्रह गरेको छ ।

मंगलबार बिहान कांग्रेस नेता विमलेन्द्र निधिले मोर्चाका नेताहरु हृदयेश त्रिपाठी र लक्ष्मणलाल कर्णलाई भेटेर अधिवेशनमा सहयोग गर्न आग्रह गरेको जानकारी कांग्रेस नेता महेन्द्र यादवले जानकारी दिए । 'विमलेन्द्रजीले लक्ष्मणलाल कर्ण र हृदयेशजीलाई भेटेर अधिवेशनमा सहयोग गर्न आग्रह गर्नुभएको छ, उहाँहरूले हामी सकारात्मक छौं भन्नुभएको जानकारी प्राप्त भयो,' यादवले नयाँ पत्रिकासित भने, 'तमलोपा अध्यक्ष महन्थ ठाकुर भारतबाट फर्केपछि धारणा बनाउँछौं भन्नुभएको छ ।'

## डा.भट्टराई...

गर्न र कार्यान्वयनमा सक्रिय भएपछि अहिले त्यस्ता डिजाइनरहरूले डा.बाबुराम भट्टराईलाई एमाओवादीबाट बाहिर लगेर नयाँ शक्तिको झ्याली पिटिरहेका छन् । बाबुरामजी त्यसैमा फस्नु भएको हो भन्ने उद्घोष समेत दाहालले गरेका छन् । ऽ

अध्यक्ष दाहालले आफ्ना कार्यकर्ता माझ कुन शक्तिले डा.भट्टराईलाई डिजाइनमा पारे, त्यसरी षड्यन्त्र गर्नेहरू को हुने भन्ने खुलासा नगरेका हुनाले कतै अध्यक्ष दाहाल भट्टराईको नयाँ शक्तिमा आफ्ना पार्टीका नेता तथा कार्यकर्तालाई जानबाट रोक्न हावादारी कुरा गरिरहेका त छैनन् भन्ने प्रश्न समेत उब्जिएको छ । भारतले लगाएको अघोषित नाकाबन्दी एक दुई दिनमा खुल्छ भन्दै डंक पिटिरहेका दाहालको बोलीमा कुनै सत्यता नभएको नाकाबन्दी नखुल्नुले प्रमाणित भएको छ । 'संविधान संशोधन भएको दुई चार घण्टाभित्रै नाकाबन्दी खुल्छ भनेर पटक पटक दाहालले जनतालाई आश्वासन बाँड्दै आएका भएपनि अहिलेसम्म नाकाबन्दी खुलेको छैन । नाकाबन्दीका कारण मुलुकको अर्थतन्त्र डामाडोल मात्र भएको छैन, विकास निर्माणका कार्यहरू ठप्प भएका छन् । जनताको चुल्हो बन्द भएको छ । इन्धन लगायतका अन्य सामानको अभावमा जनता बाँच्न बाध्य भए पनि समस्या समाधान गर्न दाहाल असक्षम देखिएका छन् । दाहालको पार्टी समेत केपी ओली नेतृत्वको सरकारमा सामेल भएको र गृह, आपूर्ति, वन जस्ता महत्वपूर्ण मन्त्रालय एमाओवादीले सम्हालेको हुँदा उनीहरूले कुशलतापूर्वक ती मन्त्रालय सञ्चालन गर्न नसकेपछि जनताको ध्यान अर्कोतिर केन्द्रित गर्न अध्यक्ष दाहाल आफ्नो असफलतालाई लुकाउन अर्कोलाई दोष लगाएर आफू पन्छिन खोज्नुले प्रमाणित हुन्छ, उनी झुठको खेती गर्न माहिर छन् । सहजरूपमा इन्धनलगायत ग्याँस आपूर्ति गर्न नसक्नेले किन ठूला कुरा गरेर जनतालाई झुक्याउनु ? अहिले त्यो विषय चर्चामा रहेको छ ।

## मापसे...

उनीहरूले पाँच हजार रूपैयाँका दरले नक्कली लाइसेन्स बनाउँदै आएको दरबारमार्ग वृत्तका डिएसपी कृष्णबहादुर पल्ली मगरले बताए । उनीहरूसँग लाइसेन्स बनाउने सूर्य कोइरालालाई पनि प्रहरीले पक्राउ गरेको छ । कोइरालाले दुईवटा फरक-फरक नाममा लाइसेन्स बनाएका थिए ।

त्यस्तो गिरोहले नक्कली लाइसेन्समा समेत होलोग्राम प्रयोग गर्ने गरेको पाइएको छ । होलोग्राम प्रयोग गरी ठ्याक्कै सक्कलीजस्तै देखिने गरी उनीहरूले नक्कली लाइसेन्स बनाउने गरेको पाइएको अनुसन्धानमा संलग्न प्रहरीले जनाएका छन् ।

मापसेमा कडा कारबाही हुने भएकाले यसरी नक्कली लाइसेन्स बनाउने गरेका हुन् । 'मापसे कारबाहीबाट जोगिन पनि कतिपयले सक्कली लाइसेन्स हुँदाहुँदै नक्कली लाइसेन्स बनाउने गरेको खुलेको छ,' अनुसन्धानमा आबद्ध दरबारमार्ग वृत्तका प्रहरी निरीक्षक मदन कुँवरले भने । नक्कली लाइसेन्स दिएर चिट काट्ने र जरिवाना तिर्न नगई पछि सक्कली लाइसेन्स प्रयोग गर्ने प्रवृत्ति देखिएको ट्राफिक प्रहरीले जनाएका छन् ।

### २० हजार लाइसेन्स बेवारिसे

महाशाखामा मापसे कारबाहीमा तानिएका धेरै व्यक्ति लाइसेन्स लिन आएका छैनन् । त्यस्ता करिब २० हजार लाइसेन्स महाशाखामा बेवारिसे छन् । ०६५ सालभन्दा पहिला कारबाहीमा तानिएका १४ हजार लाइसेन्स त नष्ट गर्न लागिएका छन् । त्यसयता पनि ६ हजारभन्दा धेरै लाइसेन्स सम्बन्धित व्यक्ति लिन आउने गरेका छैनन् । जसमध्ये कतिपय नक्कली हुने गरेका छन् । २० हजारमध्ये केहीले अन्यत्रबाट बनाउने, केही विदेश गएका व्यक्तिको त केही नक्कली हुनसक्ने ट्राफिक महाशाखाका प्रमुख डिआइजी जयबहादुर चन्दले बताए ।

सडकमा लाइसेन्स सक्कली-नक्कली ट्राफिक प्रहरीले चिन्न नसक्ने भएकाले यस्तो विकृति बढेको हो । अब स्मार्ट लाइसेन्स पूर्ण रूपमा लागू भइसकेपछि भने नक्कली लाइसेन्सको समस्या समाधान हुनेछ । पाँच वर्षपछि सबैले अनिवार्य रूपमा स्मार्ट लाइसेन्स लिनुपर्ने व्यवस्था गरिएको छ ।

## कडा आन्दोलन...

गरेको हो । बैठकमा संघीय समाजवादी फोरमका वरिष्ठ नेता अशोक राई, तराई मधेस लोकतान्त्रिक पार्टीका उपाध्यक्ष वृषेशचन्द्र लाल, सद्भावना पार्टीका सह-अध्यक्ष लक्ष्मणलाल कर्ण, तराई मधेस पार्टीका रामनरेश राय सहभागी थिए । उनीहरूले बैठकले निर्णय गरेका निर्णयहरू विज्ञप्ति मार्फत जानकारी गराएका हुन् । विज्ञप्तिमा उनीहरूले संविधान संशोधन आफूलाई मान्य नभएको उद्घोष गर्दै रंगेली लगायत मुलुकका अन्य भागमा भएका घटनाप्रति विरोध जनाउँदै तत्काल राज्यका तर्फबाट दमन रोक्न सरकारसँग आग्रह समेत गरेका छन् ।

रंगेलीमा भएको घटनाको निष्पक्ष छानविन गरी दोषीमाथि कारबाही गर्न उच्चस्तरीय न्यायिक छानविन आयोग गठन गर्न मोर्चाले माग समेत गरेको भएपनि हालसम्म सरकारले त्यस विषयमा बोलेको छैन । मोर्चाले आफूले उठाएका मुद्दाका बारेमा सम्बोधन नभएसम्म जारी आन्दोलन नरोकिने र अझ कडा पारिने उद्घोष गरेपछि लामो समयदेखि पीडा भोग्न बाध्य भएका जनताले छिटै पीडाबाट मुक्ति पाउने आशामाथि मधेसी मोर्चाले तुषारापात गरिदिएको छ् ।

मोर्चाले उठाउँदै आएका दुई प्रमुख मागहरू संविधान संशोधन मार्फत् पुरा भइसकेका हुनाले अब मधेसी मोर्चाले अन्य मागहरूलाई सम्बोधन गराउन वार्ताको माध्यय बाटै समाधान खोज्नु बुद्धिमानी ठहरिन्छ । उपलब्धिलाई ग्रहण गर्दै जनताको कष्ठकर जीवनलाई सहज बनाउनु मोर्चाको समेत कर्तव्य र दायित्व हो । त्यसैले आन्दोलन फिर्ता लिएर वार्ताबाटै सहमति खोज्नु पर्छ ।

## संशोधनले...

गरिएको छ ।

संविधान निर्माणको अन्तिम चरणमा पुग्दा केही मधेसवादी दलहरू संविधान निर्माणलाई छाडेर आन्दोलनमा गएका थिए । संविधान जारी भएको (असोज ३ गते) केही दिनपछि नै त्यही संविधानलाई देखाएर भारतले नेपालमाथि अघोषित नाकाबन्दी लगाएको र अर्कोतिर अघोषित नाकाबन्दीले गर्दा जनता पीडित भएका भएपनि तत्कालै समस्या समाधान हुने छाँटकाट देखिएको छैन । नकाबन्दीले गर्दा मुलुकको अर्थतन्त्र नै डामाडोल भएको छ भने विकास निर्माणका कार्यहरू ठप्प भएका छन् । इन्धन, ग्यासलगायत अति आवश्यक समाग्रीहरू पाउन जनताले युद्ध जित्नु सरह भएको छ । त्यति हुँदा हुँदै पनि जनताले केपी ओली नेतृत्वको सरकारलाई समर्थन गरिरहेका छन् । आखिरी किन ?

सत्तामा पुग्नुअघि सम्म ओलीले राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वाधिनताको पक्षमा लिएको अडानलाई जनताले समर्थन गरेका भएपनि लामो समयसम्म जनताले ओली नेतृत्वको सरकारलाई समर्थन गरिरहने सम्भावना न्यून देखिएको छ । एक प्रकारले भन्ने हो भने अहिले जनताले सरकार भएको अनुभूति नै गर्न पाएका छैनन् । कालाबजरीयाहरूले तस्करीतन्त्रको सरकार नै सञ्चालन गरिरहेका छन् । सरकारले आफ्ना जनतालाई सर्वसुलभ रूपमा खाद्यान्नलगायत इन्धनको आपूर्ति गर्न सकेको छैन भने कालोबजार मार्फत सबै कुरा सहजै पाउन सकिन्छ । साच्चै भन्ने हो भने अहिले कालोबजारीयाहरूले सरकारलाई नै आफ्नो मुठीमा राखेका छन् । जनताको पक्षमा कुरा गरेर कहिल्यै नथाक्ने एमाओवादी समेत सरकारमा सहभागी भएको र उसले सम्हालेका मन्त्रालयहरू जस्तै उर्जा, आपूर्ति, गृहजस्ता मन्त्रालयहरू जनताको प्रत्यक्ष सम्पर्कमा रहने भएपनि तिनै मन्त्रालयहरूबाट प्रदान गरिने सेवा सुविधाहरू जनताले सहजरूपमा नपाएका हुनाले एमाओवादीप्रति जनता आक्रोशित भएका हुनाले अविलम्ब सबै समस्याहरूको समाधान खोजिनु आवश्यक छ ।

उता मधेसी मोर्चालाई गत शनिवार पारित भएको संविधानको संशोधनले पुगेको छैन । अझ काठमाडौं केन्द्रित आन्दोलन सुरू गर्छौं भन्दैछन । यस हिसाबले पनि सत्ताधारी र विपक्षीहरूले भनेझैँ 'लाइफ लाइक' (वीरगञ्ज नाका)लाई भारत र मधेसी मोर्चाले सहज बनाउने देखिँदैन । त्यसकारण हामीहरू प्रधानमन्त्री ओलीदेखि लिएर प्रचण्ड अनि नेपाल सरकारका केही सरोकारवाला मन्त्रीहरू, वर्तमान संविधान पक्षधर नेताहरूले भने झैँ 'नाकाबन्दी खुल्छ' भन्ने कुरामा विश्वसै नगरौं । यो त हामीलाई मूर्ख बनाइरहने र आफू सत्तापक्ष र विपक्षको 'मजा' लुटिरहने चालमात्र हो । देखिँदा र बुझिँदा नेपालीहरू, अझ खासमा काठमाडौंबासीहरूले दुःख पाउने दिन अझै सकिएको छैन ।

## पर्यटन बोर्ड...

प्रवर्द्धनसँग सम्बन्धित रहेका छन् । त्यसबाहेक कर्मचारीले नियमित तलब भने पाएका छन् । पछिल्ला वर्षमा बोर्डको बजेट १ अर्ब रूपैयाँभन्दा बढी हुने गरेको छ ।

यसैबीच, पर्यटन व्यवसायीले बजेटको ठूलो हिस्सा प्रवर्द्धनात्मक कार्यक्रममा छुट्याउनुपर्ने मागसमेत राखेका छन् । 'भूकम्प र नाकाबन्दीले थलिएको पर्यटन व्यवसायको पुनरूत्थानलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रवर्द्धन अत्यावश्यक छ,' सोसाइटी अफ ट्राभल एन्ड टुर अपरेटर्स (सोट्टो) नेपालका अध्यक्ष यामबहादुर खड्काले भने, 'शीघ्र बजेट पारित गरी नियमित कार्यक्रम सञ्चालनको वातावरण बनाउन आग्रह गरेका छौं ।'

व्यवसायीले कुल बजेटको १५ प्रतिशत प्रशासनिक र ८५ प्रतिशत बजेट प्रवर्द्धन र सम्पदा विकासमा खर्च हुनुपर्ने सुझाब दिएका छन् । अन्तर्राष्ट्रियतर्फ नियमित कार्यक्रमबाहेक चीन र भारतलाई केन्द्रित गरी बजेट ल्याउनुपर्ने माग व्यवसायीको छ । बोर्डबाट सञ्चालन हुने प्रवर्द्धन र विकास कार्यमा पर्यटनसँग सम्बन्धित संघसंस्थासँग समन्वय गर्नुपर्ने उनीहरूले बताएका छन् ।

## हामी साच्चिकै...

खुल्छ भनेर नेपाली जनतालाई आश्वासन दिन थालेको धेरै नै भयो । नेपाल सरकारका प्रधानमन्त्री ओलीले गत मंगलबार केही 'आफन्त' सम्पादकहरूको भेला डाकेर 'नाकाबन्दी नहटाएसम्म भारत जान्न' भनेर घुर्की सुनाएका छन् भने उता नेपालस्थित भारतीय राजदूत रन्जित रेले आफ्नो देशको ६७ औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा 'नाकाबन्दी कहिले खुल्छ' भन्ने पत्रकारहरूको प्रश्नको जवाफ दिँदै 'मधेसी मोर्चालाई सोध्नुस्' भनेर पन्छिएका छन् । अर्थात् अब सम्पूर्ण कुरा नेपालका मधेसी मोर्चाको हातमा छ ।

# विद्युत् कटौतीको वैकल्पिक व्यवस्था गर्न माग

वीरगन्ज । वीरगन्ज-पथलैया औद्योगिक कोरिडोरमा सञ्चालित उद्योग व्यवसाय विद्युत् कटौतीका कारण मारमा परेको भन्दै वैकल्पिक व्यवस्था मिलाइदिन उद्योगी व्यवसायीले सरकारसँग माग गरेका छन् ।

कोरिडोरमा साना र ठूला गरी झन्डै २ हजार उद्योग सञ्चालन भइरहे पनि लोडसेडिङका कारण पूर्ण रूपमा सञ्चालन गर्न नसकिएको भन्दै उनीहरूले वैकल्पिक व्यवस्थाको माग गरेका हुन् ।

'असुरक्षा, विभिन्न बहानामा हुने पटकपटकको बन्दहडताल तथा श्रम विवादलगायतका कारणले प्रभावित भइरहेका यस क्षेत्रका उद्योगलाई विद्युत्भार कटौतीले थप समस्यामा पुर्‍याएको छ,' वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष प्रदीप केडियाले भने, 'मुलुकमा यति धेरै विद्युत्भार कटौती र ऊर्जा संकट हुँदासमेत सम्बन्धित निकायले तत्कालीन र दीर्घकालीन समाधानको कार्ययोजना बनाउन नसक्दा उद्योग व्यवसाय सञ्चालनमा बाधा पुगेको छ ।'

४ महिनाको लगातार तराई मधेस बन्द र विद्युत्भार कटौतीको मार खेपिरहेका यस क्षेत्रका अधिकांश उद्योग बन्द हुने अवस्थामा पुगेका छन् । उद्योग बन्द हुँदा पुँजी कुण्ठित हुने, सरकारले राजस्वबापत अर्बौं रूपैयाँ गुमाउनुपर्ने तथा हजारौं श्रमिक एवं कर्मचारीको रोजगारी गुम्न सक्ने अवस्था आउने हुँदा सहज विद्युत् आपूर्तिको व्यवस्था मिलाउन सरकारले नै पहल गर्नुपर्ने व्यवसायीको माग छ ।

विद्युत्भार कटौती र उद्योग व्यवसायीले भोग्नुपरेका समस्या सम्बन्धमा संघले सम्बन्धित मन्त्रालय र विद्युत् प्राधिकरणलाई पटकपटक ध्यानाकर्षण गराए पनि भरपर्दो वैकल्पिक उपाय अवलम्बन हुन नसकेको अध्यक्ष केडियाले बताए । औद्योगिक कोरिडोर क्षेत्रमा भारतबाट विद्युत् ल्याइएकाले ती क्षेत्रमा तुल्नात्मक रूपमा कम विद्युत् भार कटौती हुने गरे पनि अहिले समस्या देखिएको उनको भनाइ छ ।

विद्युत् प्राधिकरणले अहिले दैनिक १२ घन्टा विद्युत् आपूर्ति उपलब्ध गराइने बताए पनि पटकपटकको अनियमित (ट्रिपिङ) कारण ६ घन्टाभन्दा बढी विद्युत् उपभोग गर्न नपाइएको उद्योगपति राजेश क्यालले जानकारी दिए । विद्युत् न्यून भोल्टेजका कारण उत्पादन नै प्रभावित हुने गरेको उनको भनाइ छ ।

'वीरगन्ज-पथलैया औद्योगिक कोरिडोरको विद्युत्भार कटौती हटाउनका लागि वीरगन्जदेखि रक्सौलसम्म ३३ केभी विद्युत् वितरण लाइनबाट विगतमा भारततर्फ निकासी भइरहेको १० एमभिए विद्युत् हाल यस क्षेत्रका लागि उपलब्ध गराइनुपर्दछ,' वीरगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अशोककुमार टेमानीले भने, '३३ केभी विद्युत् वितरण लाइन भारत निकासी गर्न र भारतबाट रक्सौल भएर १० एमभिए विद्युत् आयात गर्न सरकारले तत्काल पहल गर्नुपर्छ ।'

भारत सरकारको सहयोगमा थप १ सर्किट ३३ केभी प्रसारण लाइन (क्रस बोर्डर प्रसारण लाइन) रक्सौलदेखि वीरगन्जसम्म बनाउन आवश्यक देखिएकाले यसबारे पनि सरकारले भारत सरकारसँग आवश्यक पहल गर्नुपर्नेमा उनले जोड दिए । बढी विद्युत् आयातका लागि रक्सौल परवानीपुर १३२ केभी प्रसारण लाइन निर्माण गर्नुपर्नेछ भने त्यसको निर्माण लागत करिब ५० करोडदेखि ८० करोड लाग्ने अनुमान गरिएको उनले बताए । 'निर्माण सरकार आफैँले गर्न नसके जिम्मेवारी निजी क्षेत्रलाई दिएमा त्यो बहन गर्न सकिन्छ,' उनले भने ।

औद्योगिक कोरिडोरमा देखिएको विद्युत्भार कटौती समस्या समाधानका लागि निजी क्षेत्रले १ दशकभन्दा बढी लामो समयदेखि रक्सौल परवानीपुर १३२ केभी प्रसारण लाइन निर्माण गर्न सम्बन्धित निकायसमक्ष पटकपटक आग्रह गर्दै आएको छ । तर, निर्माण गर्ने आश्वासनबाहेक हालसम्म सम्बन्धित निकायबाट कुनै प्रगति हुनसकेको छैन ।

नेपाल-भारत वाणिज्य सचिवस्तरीय सम्झौताअनुसार, सन् २०१२ मा प्रसारण लाइनको प्राविधिक अध्ययनसमेत भएको थियो । अध्ययनले नेपालतर्फ १३ किलोमिटर र भारततर्फ ४ किलोमिटर प्रसारण लाइन निर्माणका लागि करिब ५० करोड लाग्ने अनुमान गरेको थियो ।




सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार